# प्रदेश सभा

**गण्डकी प्रदेश**

**चौथो अधिवेशन**

**कार्यवाहीको सम्पूर्ण विवरण**

**(तेईसौं बैठक)**

**मितिः २०७६/०३/१३ गते**

प्रदेश सभाको चौथो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख नेत्रनाथ अधिकारीको अध्यक्षतामा शुक्रबार दिनको ११.२८ बजे प्रारम्भ भयो ।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, अब माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७६ साल असार ५ गते सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक २०७६ माथिको बाँकी छलफल प्रारम्भ हुन्छ । माननीय सदस्यहरु, सर्वप्रथम म माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेतलाई मिति २०७६ साल असार ११ र १२ गते छलफलको क्रममा आफ्नो मन्त्रालयसंग सम्बन्धित विषयमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय भौतिक पूर्वाधार विकास मन्त्री श्री रामशरण बस्नेत

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०७६/०७७ को वार्षिक विकास कार्यक्रम अन्तर्गत भौतिक पूर्वाधार विकास मन्त्रालयसंग सम्बन्धित विषयमा सदनमा छलफलको क्रममा माननीयज्यूहरुले उठाउनु भएका जिज्ञासा एवम् केही महत्वपूर्ण जानकारीहरु माननीय सभामुख मार्फत यो सम्मानित सभामा राख्न चाहन्छु । सर्वप्रथम त मन्त्रालयको वार्षिक विकास कार्यक्रमका सन्दर्भमा आफ्ना सकारात्मक धारणा राख्नुहने माननीयज्यूहरुमा माननीय सभामुख मार्फत आभार व्यक्त गर्न चाहन्छु । विशेष धन्यवाद दिन चाहन्छु ।प्रदेश सरकारको कार्य विभाजन नियमावली अनुसार पूर्वाधार विकाससंग सम्बन्धित महत्वपूर्ण क्षेत्रहरु यातायात पूर्वाधार अन्तर्गत सडक, सडक पुल, झोलुङ्गे पुल, शहरी विकास तथा आवास, सिन्चाई, जल उत्पन्न प्रकोप व्यवस्थापन, खानेपानी तथा सरसफाई र यातायात व्यवस्थापन आदिको कार्यक्रम कार्यान्वयन गर्ने महत्वपूर्ण मन्त्रालय भएको कारण माननीयज्यूहरु लगायत सम्पूर्ण महानुभावहरुको पनि यस मन्त्रालयबाट विनियोजित भएको बजेट र कार्यक्रममा विशेष चासो रहेको छ ।त्यसैले यो सम्मानित सदनमा सबभन्दा पहिला त म मन्त्रालयको क्षेत्रगत केही महत्वपूर्ण जानकारी गराउन चाहन्छु । आर्थिक वर्ष २०७६र०७७ का लागि भौतिक पूर्वाधार मन्त्रालयले कार्यक्रम र बजेट विनियोजन गर्दा निम्न कुरामा ध्यान दिएको थियो ।

एक निर्वाचन क्षेत्र एक सडक क वर्गका सडक र स्थानीय तहको केन्द्र जोड्ने सडकहरुको सडक पुललाई तिन आर्थिक वर्षभित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिएको थियो ।क्रमगत झोलुङ्गे पुलहरुको लागि दुई आर्थिक वर्ष भित्र सम्पन्न गर्ने गरी बजेट विनियोजन गरिएको झोलुङ्गे पुलहरुको आवश्यकता पहिचान गरी आगामी दुई आर्थिक वर्षभित्र झोलुङ्गे पुल निर्माण सम्पन्न गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको हो गरिएको थियो ।स्थानीय तहबाट एक सय बिस र प्रदेशबाट एकाउन्न झोलुङ्गे पुलहरु अहिले निर्माणाधिन अवस्थामा रहेको म जानकारी गराउन चाहन्छु । ख वर्गमा रहेका सडकहरुलाई निरन्तरता दिई बजेट वृद्धि गरी एक करोडबाट एक करोड पचास लाख विनियोजन गरिएको थियो । क्रमागत योजनाहरु सम्पन्न गर्नका लागि ठूलो बजेट आवश्यक भएका कारण नयाँ योजनाहरु थोरै मात्र समावेश गर्न सकिएको एक निर्वाचन क्षेत्र एक सडक क वर्गका सडक र दश करोड भन्दा बढी लई भएका सडक पुलहरुको लागि संघ सरकारसंग समपुरक अनुदान करिब पाँच अरब माग गरिएको गरिएको छ । अहिले ति सडकहरुमा कम बजेट जस्तो देखिएता पनि समपुरक अनुदान प्राप्त भएपछि रकम वृद्धि हुने जानकारी गराउन चाहन्छु । एक निर्वाचन क्षेत्र एक सडक अन्तर्गत छत्तिसवटा सडक मध्ये चार वटा सडकको मात्र टेण्डर प्रकाशन हुन बाँकी छ यो पनि छिट्टै हुँदैछ भने बत्तिस सडकहरुको कार्य अगाडि बढिसकेको छ  बढिसकेको छ । क्रमागत सडकहरुका लागि मात्र तिन अरब चौहत्तर करोड रुपैयाँ विनियोजित गरिएको छ र निर्माण व्यवसायीहरुको आन्दोलनका कारण सडक जुन टेण्डर भएको सडकहरुमा अब टेण्डर नपरेर फेरी पुनः टेण्डर गर्नुपर्ने अवस्था रह्यो र  केहि समस्याहरु प्राविधिक रुपमा देखा पर्‍यो र त्यो अहिले सल्टिसकेको अवस्था छ । झोलुङ्गे पुलतर्फ एकाउन्न वटा झोलुङ्गे पुलको टेण्डर भै कार्य अगाडि बढेको छ । क्रमागत झोलुङ्गे पुलको लागि मात्रै ३६ करोड ३७ लाख १६ हजार रकम विनियोजित गरिएको छ । सडक पुलतर्फ ११२ वटा सडक पुल आर्थिक वर्ष मध्ये आर्थिक वर्ष ०७५र०७६ मै २० वटा सडक पुलहरु सम्पन्न हुँदै छन र ति क्रमागत सडक पुलहरुको लागि ०७६र०७७ को लागि १ अरब ७ करोड व्यवस्था गरिएको छ । खानेपानी तर्फ खानेपानी तर्फ योजनाहरुको २ वर्षभित्रै सम्पन्न गरी गर्ने गरी क्रमागत योजनालाई बजेट विनियोजन गरिएको छ । क्रमागत योजना योजना तर्फ १०८ वटा छन् र तिनिहरुलाई ति योजनाहरुलाई ७७ करोड रुपियाँ विनियोजित गरिएको छ । नयाँ नयाँ योजनाहरु २९८ खानेपानीका लागि ८० करोड विनियोजन गरिएको छ ।कुवा, नदी, खोला आदिबाट असुरक्षित खानेपानी खाईरहेका बस्तिहरुमा यसै आर्थिक वर्षमा आधारभूत खानेपानी सुविधा पुर्‍याउन रु। १० करोड विनियोजन गरिएको छ र यसको सूचना म सम्मानित सदनमा लाई जानकारी गराउन चाहन्छु । सभामुख मार्फत यसको सूचना तुरुन्तै प्रकाशन हामी गर्दैछौँ । सशर्त रुपमा हस्तानन्तरित घढद्द आयोजनाहरुका लागि जम्मा रु। ४० करोड ५५ लाख प्राप्त भएको छ । त्यो पैसा घण लाख भन्दा कम रकमले आगामी आर्थिक वर्षभित्र सम्पन्न हुने योजनालाई प्राथमिकता दिई त्यस्ता योजनाहरुमा बजेट विनियोजन गर्ने यो सोच मन्त्रालयले बनाएको छ । २० लाख भन्दा कम रकमले सम्पन्न हुने योजनालाई मात्र २० लाख रुपियाँ २० लाख रुपियाँ भन्दा कम हामीले बजेट छुट्टाइएको छ तर त्यो भन्दा २० लाख भन्दा कम कुनै पनि खानेपानी योजनालाई नछुट्टाइएको म जानकारी गराउन चाहन्छु । शहरी विकास तथा भवन प्रदेश प्रदेश मन्त्रालय प्रदेश सभा सरकारी कार्यालयहरुको निर्माणलाई प्राथमिकताका साथ राखिएको छ ।यसका लागि  जम्मा रु। २९ करोड ५० लाख  विनियोजन भएको छ । नवलपुर जिल्लामा सरकारी कार्यालयहरु निर्माणका लागि प्राथमिकतामा राखिएको छ गाउँपालिकासंग को सहलगानीमा बहुउद्देशीय सभा  हल निर्माण कार्य थप  १० गाउँपालिकामा विस्तार गर्न र क्रमागतलाई सम्पन्न गर्न प्राथमिकता दिई जम्मा रु १० करोड ५० लाख विनियोजित भएको छ ।स्याटलाईट सिटीको कार्यक्रमलाई निरन्तरता दिई बजेट छुट्टाइएको छ  र सिञ्चाईतर्फ आर्थिक वर्ष २०ठछरण्ठट का क्रमागत योजना संख्या ११४ र लाई ५१ करोड ९३ लाख छुट्टाइएको छ भने आर्थिक वर्ष २०ठ६रण्ठ७ का लागि नयाँ योजनाहरु १४५ लाई रकम रु। ४१ करोड ६७ लाख छुट्टाइएको छ । क्रमागत योजनालाई सम्बन्धित जलस्रोत तथा सिञ्चाई विकास डिभिजन र सव(डिभिजन कार्यालयबाट माग भए अनुसारका रकमहरु विनियोजित गरिएको छ । ३० लाख

भन्दा कममा निर्माण कार्य सम्पन्न हुने योजनालाई मात्रै ३० लाख भन्दा कम छुट्टाइएको छ  नत्र भने सिञ्चाईतर्फ ३० लाख भन्दा तल कुनै पनि योजनालाई पैसा त्यो भन्दा ३० लाख भन्दा कम छुट्टाइएको छैन । संघ सरकारबाट चालु आर्थिक वर्ष वर्षमा मझौला सिञ्चाई आयोजना अन्तर्गत सिञ्चाई योजनाहरुलाई रु. ८ लाख ४६ हजारका दरले र नयाँ प्राविधिक प्रविधिमा आधारित सिञ्चाई आयोजना अन्तर्गतका सिञ्चाई आयोजनाहरुमा रु. ३ लाख ५१ हजारका दरले बजेट प्राप्त भएको छ । कतिपय सम्पन्न भैसकेका योजनाहरुमा पनि रकम प्राप्त भएको छ भने कतिपय दुई तिन करोड लाग्ने योजनालाई पनि त्यतिनै रकम प्राप्त भएको छ  तर आगामी आर्थिक वर्ष २०ठ६रण्ठ७ को लागि ति कार्यक्रमहरुको रकमान्तर प्रदेशबाटनै हुने हुन सक्ने व्यवस्था भएको हुँदा कार्य प्रगति र आवश्यकताका आधारमा पछि रकम रकमान्तर गरिने समेत म सम्मानित सदनलाई जानकारी गराउन चाहन्छु । नदी नदी नियन्त्रण तर्फ प्रदेश भित्रका ठूला नदीहरुलाई एकिकृत रुपमा व्यवस्था गर्ने गरी बजेट विनियोजन गरिएको छ । जस्तै नारायणी नदीमा ३ करोड ४० लाख बुढी गण्डकीमा १ करोड ६० लाख काली गण्डकीमा २ करोड २५ लाख रुपियाँ हामीले छुट्टाएका छौँ र तटबन्धन नदी नियन्त्रण खोला र नदी नियन्त्रणका लागि १०९ वटा योजनाहरु छ भने तेल्लाई ३६ करोड ३१ लाख प्रदेशले विनियोजन गरेको छ । उज्यालो उर्जा तर्फ उज्यालो प्रदेश घोषणा अन्तर्गत विद्युत विस्तार कार्यका लागि आर्थिक वर्ष ०७५र०७६ मा ४० करोड विनियोजित भएकोमा नेपाल विद्युत प्राधिकरण पोखरा क्षेत्रीय कार्यालयसंग विद्युत विस्तार कार्यका लागि सम्झौता भै प्रारम्भिक लागत अनुमान ५० करोड आएकोमा सोही सोही १६ करोड ४३ लाख रकम पेश्की पठाई खरीद निर्माण प्रक्रिया अगाडि बढिसकेको छ र यसै गरी नवलपुर जिल्लामा विद्युत विस्तार कार्यको लागि नेपाल विद्युत प्राधिकरण बुटवल क्षेत्रीय कार्यालयसंग विद्युत विस्तार कार्यका लागि सम्झौता भई प्रारम्भिक लागत अनुमान २७ करोड आएकोमा ८ करोड ८० लाख रकम पेश्की पठाई खरीद निर्माण प्रक्रिया अगाडि  बढाइएको छ । विद्युत विस्तार कार्यका लागि आगामी वर्ष ०७६र०७७ मा ४० करोड विनियोजन गरिएको छ । ५ वर्ष भित्रमा करिब ७० हजार काठे पोलहरु विस्थापित गर्नका लागि आर्थिक वर्ष ०७५र०७६ मा २५ करोड विनियोजन भएकोमा त्यसबाट जम्मा १४ हजार ६० पोलहरु खरीद भैसकेको छ र काठेपुल विस्थापन गर्नका लागि आर्थिक वर्ष ०७६र०७७ मा २३ करोड विनियोजन गरिएको र समपुरक अनुदानका लागि संघ सरकारसंग २० करोड रकम माग गरिएको म सम्मानित सदनमा जानकारी गराउन चाहन्छु । उज्यालो प्रदेश घोषणाका लागि सौर्य उर्जा तर्फ प्रदेश भित्रका भित्रका हालसम्म कुनै पनि विद्युत सेवा नपुगेका १५०० घर धुरीलाई सोलार सोलार जडान गर्न तथा मन्त्रालयमा सोलार ग्रिड कनेक्सन प्रणाली जडानको लागि खरीद प्रकृया अगाडि बढाइएको छ र सौर्य उर्जा तर्फ आर्थिक वर्ष ०७६र०७७ मा आवश्यक बजेट विनियोजन भएको छ । लघु जलविद्युत मर्मत संभार कार्यका लागि यस आर्थिक वर्ष ०७५र०७६ मा रु. ३ करोड ५० लाख विनियोजन भएकोमा ३० वटा आयोजनाहरुको कार्य सम्पन्न हुने क्रममा रहेको छ । जलविद्युत लघु जलविद्युत मर्मत संभार कार्यको लागि  आर्थिक वर्ष ०७६र०७७ मा पुन ३ करोड ५० लाख  विनियोजन भएको छ ।

सभामुख महोदय, अब म मिति २०७६ असार ११ र १२ गते सम्मानित सदनमा माननीयज्यूहरुले राख्नु भएका जिज्ञासा तर्फ जान चाहन्छु । जिज्ञासा राख्ने क्रममा सत्ता पक्ष र प्रतिपक्षका बीचमा लेनदेन भयो र फेरी खेस्रा थपियो भनेर माननीयज्यूहरुबाट प्रश्न तेर्सिएका थिए । म यो सम्मानित सदनमा म विनम्रताकासाथ अनुरोध गर्न चाहन्छु । सत्ता पक्ष र प्रमुख प्रतिपक्ष बीच कुनै लेनदेनको कुरो नभएको म जानकारी गराउन चाहन्छु । प्रतिपक्षले जुन यो हाम्रो सिञ्चाईको १९० वटा र सडकतर्फ  २ वटा गरी १९२ वटा योजनाहरु त्यो किताबमा छुट भएको थियो । त्यो छुट भएका चिजहरुलाई पुनः लेख्नका निम्ति प्रमुख प्रतिपक्षले अनुरोध गरेको थियो र  त्यो हामीले केबल त्यो सुधारेर ल्याएका हौँ । त्यसो भएको कारणले गर्दा यो अब बाहिर जाने सन्दर्भमा पनि पत्रकार साथीहरुले पनि त्यही लेख्नुभयो र कतिपय माननीयहरुले बोल्दाखेरी पनि प्रतिपक्ष र सत्तापक्षको बीचमा ठूलो

लेनदेन भएको आफूले केही नपाएको जस्ता गुनासाहरु जुन गर्नुभयो त्यो मिथ्यनै हो। त्यो झुट हो त्यसकारण म अनुरोध गर्न चाहन्छु कि हामीले त्यो कुनै हामीले छुटेका कुराहरु राख्यौँ र सदन सुचारुले चलेको म जानकारी गराउन चाहन्छु र जहाँसम्म सरकारले छ  सरकार अब यो लार्वा जस्तो छ सरकारले केही गरेन सरकारले अब केही पनि गऱ्यो कि गरेन भन्ने कुरो मैले यो भन्दा अगाडि केही उपलब्धिहरु मैले बताइसकेको छु । त्यसकारण मैले केही भन्नु पनि छैन । फूलको आँखामा फूलै संसार अब काँडाको आँखामा काँडै संसार जस्तै हो। जे देख्नुभएको छ जे सोच्नुभएको छ तपाईंहरुले त्यो भन्दा बढी नभएको म जानकारी गराउन चाहन्छु। सम्पन्न योजनाहरुमा पनि बजेट आयो भनेर माननीयज्यूहरुले राखेको प्रश्नमा मैले अलिकति अगाडिनै भनिसकेको छु । संघबाट आएका कतिपय योजनाहरु त्यस्ता छन् जुन योजना सम्पन्न भैसकेका छन् तर ति योजनामा जहिल्यै पनि ३ लाख ५१ हजारका दरले ८ लाख ४६ हजारका दरले सिञ्चाईमा आइरहेका छन् । त्यस्तो आएको छ भने यसपालीको आर्थिक वर्षबाट त्यो रकमान्तर गर्ने जिम्मा प्रदेश सरकारलाईनै दिएको कारणले अबका दिनमा त्यस्तो हुँदैन र यी जुन त्रुटि छन् यी सबै सच्चिने कुरा म सम्मानित सदनमा समक्ष राख्न चाहन्छु । सदन यो संसद ठट्टा गर्ने थलो हो भन्ने लाग्दैन मलाई हास्नका निम्ति हामी सदनमा आएको हो भनेर होला जस्तो लाग्दैन मलाई यसको गरिमा हामीले उँचो बनाउन जरुरत छ । यँहा भनियो कि यो माननीयहरुको लेटर प्याडमा लेखेर दिइन्छ । कर्मचारी व्युरोक्रायस्टहरु छन् र अब तिनिहरुलाई त्यति मात्रै हैन मन्त्रिहरुका आसेपासेहरु छन् कति कति परसेन्ट छुट्टाउने रकम भन्ने शब्द अभिव्यक्ति पनि आयो । यो हाँसोको लागि ठट्टाका लागि गरिएको हो भने पनि यो राम्रो पक्ष होईन । सदनलाई गरिमामय बनाउनु पर्यो । यस्तो ओजपूर्ण त्यो भनेको हामी सबैको प्रतिष्ठा यँहा गासिएको हुन्छ त्यसो भएको कारणले गर्दा म माननीयज्यूहरुलाई भन्न चाहन्छु हाँसोको निम्ति हाँस्नका लागि र यस्ता कुराहरु अभिव्यक्ति व्यक्त नगर्नका निम्ति पनि म अनुरोध गर्न चाहन्छु । भौतिक पूर्वाधार मन्त्रालयले विनियोजित गरेको रकम कुन आसेपासेले पायो रु ठोस र मूर्त रुपमा अब बोल्दा त्यसरी छिचलेर आयो भने त्यो यदि गल्तिनै भएको रहेछ भने सच्याउन मन्त्रालय तयार भएको छ नत्र भने आवश्यकता र औचित्यका आधारमा हामी विधि सम्मत तरिकाले योजनाहरु ल्याएको कुरो म सम्मानित सदनमा राख्न चाहन्छु । पोखरालाई सम्बोधन भएन हामीलाई थाहा छ राजधानीलाई सुन्दर बनाउनु पर्छ । यो सुन्दर राजधानीलाई अझ सुन्दर बनाउनु पर्छ। यसका निम्ति बजेटहरु विनियोजन भाका छन् । यो कार्यान्वयन भैसकेपछि अनुभुति हुनेछ र  म अब ठेगानाहरु केही विग्रेका छन् ।यिनीहरुलाई सानातिना ठेगानाहरु नमिलेका अरु कुराहरुलाई सच्याउन अब हामीले सक्छौँ । यो कुरो  म सम्मानित सदनमा राख्न  चाहन्छु । जहाँ सम्म जनता आवास कार्यक्रमका लागि मनाङमा मनाङको माननीयज्यूले केही कुराहरु उठाउनु भयो । त्यहाँ जम्मा ३६,५० वटा कोटा परेको थियो । जम्मा ३६ जना मात्रै भयो अरु जातजातिहरु एकल महिलाहरुलाई पनि समावेश गर्नुपर्छ भनेर जुन भन्नुभएको थियो यो अत्यन्तै सहानिय कुरो हो । यो कार्यविधि बनाइरहदा हामी प्रदेशले कार्यविधि बनाएको होईन संघले कार्यविधि बनाएको छ । अब कार्यविधि बनाउनु अगाडिनै यी सुझावहरु सम्बन्धित ठाउँमा पुऱ्याउने र कार्यविधिलाई सच्चयाउन सकिने छ भने सच्चयाउनका निम्ति पहल गरिने प्रयत्न गरिने कुरो म सम्मानित सदनमा राख्न चाहन्छु । उर्जाको रकम उर्जाको रकम बास्केटमा राखियो । वितरण भएको छैन जिल्ला जिल्लामा पठाइएको छैन कसरी उज्यालो प्रदेश अब बन्छ दुई वर्षमा भन्ने जुन चिन्ता छ यो माननीयज्युहरुले लिएको चिन्ता अत्यन्तै सान्दर्भिक छ । मैले अलिकति अगाडि पनि भनिसके हामी दुई वर्षमा घोषणा गरेको उज्यालो प्रदेश दुई वर्षभित्रनै जुन घोषणा गरेको थियो त्यो पुरा गर्ने अहिले पनि लक्ष्यकासाथ सरकार अगाडि बढिराछ । यसो भएको कारणले गर्दाखेरीनै हामीले दुईटा क्षेत्रीय कार्यालय पोखराको प्राधिकरणको क्षेत्रीय कार्यालय र हामीले बुटवलको क्षेत्रीय कार्यालयसंग सम्झौता गरेर अहि १६ र लगभग भनेको ९ करोड गरेर २५ करोड हामीले पैसा पेश्कीको रुपमा दिइसकेको मैले सम्मानित सदनलाई अही भर्खरै जानकारी गराएको छु ।यसो भएको कारणले जिल्ला जिल्लामा पैसा पठाईरहन नपर्ने मन्त्रालयमै एकमुष्ठ रुपमा अब बास्केटमा राखेर अनि प्राधिकरणलाई दिन पर्ने भएको कारणले गर्दा सम्झौता अनुरुपनै त्यो पैसा बास्केटमा राखिएको  हो र बत्ति नपुगेका

ठाउँहरुमा हामी बत्ति ग्रिड नेशनल लाईनबाट ग्रिडबाट पनि बिस्तार गर्ने  र हाईड्रो माईक्रो हाईड्रोबाट पनि अब मर्मत सम्भार गरेर बाल्ने र त्यति गर्दाखेरी पनि नपुगेका घरहरुमा सोलारबाट उज्यालो प्रदेश घोषणा गरिछाड्ने प्रतिवद्धताका साथ सरकार अघि बढेको म जानकारी गराउन चाहन्छु । जहाँ सम्म ढोरपाटन क्षेत्रमा कम अब विकास भयो त्यहाँ योजनाहरु परेनन् भन्ने जुन कुरो छ ढोरपाटनलाई विशेष एउटा क्षेत्रको रुपमा घोषणा गरिएको छ। त्यहाँ अरु सडकलाई पनि पैसा परेको छ। म अनुरोध गर्न चाहन्छु खानेपानीलाई पनि पैसा परेको छ त्यो किताबमा हेर्दिनका निम्ति म अनुरोध गर्न चाहन्छु । अब यो स्याटलाईट सिटिका बारेमा अघिनै मैले भने दुई ठाउँमा बजेट छ एउटा अध्ययनका निम्ति हो आर्को निर्माणका निम्ति हो त्यसो भएर फरक फरक शिर्षकमा फरक फरक  रकमहरु राखिएको जानकारी पनि गराउन चाहन्छु । जहाँ सम्म छलकपटपूर्ण योजना आयो दुई तिहाईको दम्भ देखाइयो र पक्षपातपूर्ण भयो भन्ने कुरो माननीयहरुले राख्नुभएको छ मलाई लाग्छ यो कुनै छलकपटबाट योजना आँउदैन। यसको विधि हुन्छ प्रक्रिया हुन्छ त्यही विधि र प्रक्रियाहरु पारित गरेर यहाँ आउँछन हामी दुई तिहाईको दम्भ मलाई त लाग्छ सरकारले देखाएको छैन। जहिले पनि प्रतिपक्षसंग सम्वाद गर्न सहकार्य गर्न र सङ्गसङ्गै मिलेर हिड्नका निम्ति जुन गण्डकी प्रदेश सरकार लागिरहेको छ र जहिले पनि गण्डकी प्रदेश सरकार यो मानेमा यो मानेमा गण्डकी प्रदेश सरकारले बुझेको छ कि हाम्रो सहकार्य विना भनेको हामी बीचको सहकार्य र समन्वय बिना प्रदेशमा समृद्धि गर्न सकिदैन भन्ने कुरो राम्रोसंग थाहा  छ त्यसो भएको कारणले सरकारले दम्भ देखायोकी सरकारले पक्षपातपूर्ण व्यवहार गर्‍योकी भन्ने कुरामा नसोच्दिन म विनम्रपूर्वक माननीयज्यूहरुलाई हार्दिक अनुरोध गर्न चाहन्छु। मैले भनेको थिए मैले भन्या थिए सडकमा पचास लाख भन्दा घटी पैसा राखिदैन मैले भनेको थिए । त्यो यहाँहरुको अगाडि उभिदा पनि म अहिले पनि त्यो भन्छु जुन बेला मन्त्रालयले मन्त्रालयले पैसा विनियोजन गरिरहँदा पचास लाख भन्दा बढी हामीले पठाएका थिएनौँ । अब यो आर्थिक हरहिसाब मिलाउनु पर्ने कारणले गर्दा पर्वतका दुईटा योजना र स्याङजाको एउटा योजनामा बिस तिस लाख पर्वतको दुईटा योजनामा पचास लाख र स्याङजाको एउटा योजनामा पैतिस लाख रुपियाँ त्यो प्राविधिक रुप त्यहाँ पैसा मिलाउने कुरामा हाम्रो सिलिङ बढी थियो त्यो सिलिङ काट्ने कुरामा त्यस्तो भएको छ र यो यो तिनटा योजनाका बारेमा हामी फेरी अब यो जुन एकदमै मन्त्रीले एउटा कुरा  गर्छ व्यवहारमा आर्को देखियो भन्ने जुन माननीयज्यूले उठाउनु भैराको छ यो यो प्राविधिक कारणले यस्तो भको हो भन्ने कुरो बुझिदिन म हार्दिक अनुरोध गर्न चाहन्छु । पुल परेन मैले अघि भने पुल पर्‍या छ हामीले पुल कसलाई पहिला पनि माननीयहरुले ले आफ्नो निर्वाचन क्षेत्रमा पुल नपरेको गुनासो गर्नुभयो । त्यो गुनासो भएको ठाउँमा अहिले पुल पर्‍या छ अनि हामीले तिनटा सडकलाई महत्वपूर्ण सडकका रुपमा हामीले लियौँ यसपाली एउटा गाउँपालिकाको केन्द्र सम्म जाने सडक त्यहाँ सडक पुर्‍याउने बिचमा खोला हुदाँ त्यहाँ पुल नराख्ने त भएन त्यहाँ पुल  हालियो अब एक निर्वाचन क्षेत्र एक सडक हामी यसपालीबाट एकदम सानदार तरिकाले मलाई लाग्छ विकास त यसै वर्ष देखिन्छ होला कि त्यो एउटा अब त्यो तिब्र गतिमा हामी विकास गर्न चाहिराकाछौँ । त्यो त्यो ठाउँमा हाम्रो पुल आवश्यकता होला पुल नबनाउँदा सडक मात्रै बनाउँदा औचित्य हुँदैन होला क वर्गको जुन ठेक्का प्रक्रियामा अगाडि बढिसकेको छ । आर्को हामीले महत्वपूर्ण सडक भनेर जुन एक करोड पचास लाख हामीले हालेका छौँ ति सडकहरुमा पनि आवश्यकता हेरेर ति सडकहरुमा पनि पुल पारिएको छ । मेरो क्षेत्रमा परेन अरुकै क्षेत्रमा मात्रै पर्‍यो भनेर जुन कुरो हामीले गरिरहका छौँ मलाई लाग्छ त्यो समानुपातिक न्यायोचित तरिकाले पोहोर पर्निलाई यसपाली नपर्दा पोहोर मेरो परेको थियो भनेर सोच्नलाई म अनुरोध गर्छु । योजनाहरु सबै निर्वाचन क्षेत्रमा म म यहाँहरुलाई भन्न चाहन्छु । सबै निर्वाचन क्षेत्रमा परेको छ त्यो परेको योजनाहरुलाई अपनत्व ग्रहण गरिदिनका निम्ति म हार्दिक अनुरोध माननीयज्यूहरुलाई  गर्न चाहन्छु । मेट्रो बस ट्रमिनल बनाउनका निम्ति बजेट छैनकी भन्ने छ हामीले एक करोड रुपियाँ पोखरा महानगरपालिकासंग सहकार्य गरेर बसपार्क बनाउने योजनाकासाथ त्यो विनियोजन गरिएको छ ।योजनाहरु गोजिबाट हालियो मन्त्रीको गोजिबाट योजनाहरु हाल्यो र एकदम आवश्यकता नभएका ठाउँहरुमा योजना पर्‍यो भन्ने जुन गुनासो छ यो गुनासाका लागि राखिएको शब्द मात्रै हो भन्ने मलाई लाग्छ र म अब पचास लाख परेका योजनाहरु हट्या छ । त्यो कतिपय योजनाहरु

हामीले हामीले के भन्यौँ भने यसपाली धेरै योजनाहरु टेण्डरमा गैसक्या छ त्यो ३२ करोडको छ २८ करोडको छ ३० करोडका छन् ।२२, १४ करोडका छन् २२ करोडका छन् योजनाहरु धेरै टेण्डरमा गएको छ । स्वभाविक रुपमा सबै बाटोलाई पनि पर्ने अनि त्यो टेण्डर  अनुरुपको पैसा पनि हामीले भुक्तानि गर्न प्रदेश सरकारको आर्थिक रुपमा त्यो त्यो अवस्था छैन । त्यसो भको कारणले केही योजनाहरु हट्यो जस्तै यहीं यो किटानै गरौँ ग्याजिको पचास हजार पचास लाख परेका योजना एकदम चराले पिपलको पात टिपेको जस्तो गरेर स्वाट्ठ अब कटाइयो काट्टीयो केरमेट गरियो एकदम विविध खालका कुराहरु आछन् मलाई थाहा छ ग्याजि त्यो गोरखै जिल्लाको भको कारणले मलाई थाहा छ त्यहाँको अवस्था यही माननीय धनमाया लामा हुनुहुन्छ । वहाँले भन्नुभयो अस्ति भखरै दुई महिना अगाडि त्यहाँ पैसा थप्नु पर्छ प्रदेश सरकारले पैसा थपे अनि फेरी वहाँले भन्नुभयो त्यहाँ पैसा हाल्न पर्‍यो यसपालिको नयाँ माटो अहिले बाटो खनिराको छ अब त्यो धेरै पहिराहरु जान्छन त्यो माटो खस्छ मान्छेहरुलाई सुविधानि दिनुपर्छ र पछि यसलाई विनियोजन गरौंलानि भनेर म आफूलेनै कुरा राखेको थिए आज एकदम हिजो  ३० लाख त्यहाँ आवश्यकता छ भनेर भन्दै नभन्ने मान्छेहरुले फेरी यसरी सरकारलाई दोष लगाउनु भनेको मलाई त लाग्छ कताकता अलिकति हाम्रो हरहिसाब कुराकानी नमिलेको होकी त्यतिकै सरकारका विरुद्धमा विष वमन गर्न मन लागेर गर्‍या होकी भन्ने मलाई फिलिङ भैराको छ र म म यहाँ त्यो पनि भन्न चाहन्छु लुकेका ठाउँहरु ओझेलमा परेका ठाउँहरु जुन ठाउँमा एकदम आवश्यकता छ आवश्यकताको पहिचान गरौं हामीलाई सल्लाह र सुझाव दिउँ त्यो ठाउँमा हाम्रो त अब हाम्रा आफ्नै कार्यालयहरु छन् ति कार्यालयहरु मार्फत त्यो आवश्यकताको महशुश हामीले गर्ने आवश्यकता छ भन्ने लाग्यो भने हामी त्यहाँ हात हाल्ने कामलाई अगाडि बढाउने म अनुरोध गर्न चाहन्छु । अब हुदाँहुदै यस्तो पनि भैसक्यो हुदाँहुदै सोध्ने प्रश्न के हो नसोध्ने प्रश्न के हो हाम्रा हक र अधिकारहरु के हुन भन्ने पनि लगभग भनेको पत्तानै नलाग्ने गरी प्रश्नहरु आउन थाल्यो वर्षिन थाल्यो मुग्लिङ्ग पोखराको सडकमा यत्रा यत्रा खाल्डो छ पैसा छुट्टिएन भनेर माननीयहरुले भन्नुभयो यो हाम्रो अनुसूचि अनुसार पर्छ कि पर्दैन रु हाम्रो कार्यक्षेत्र हो कि हैन रु त्यसो भएको कारणले कार्यक्षेत्र नपरेका ठाउँमा पैसा नछुट्टिने जानकारी पनि म यहाँहरुलाई गराउन चाहन्छु । अर्को योजनामा रकम कम भएको छ स्वभाविक रुपमा हाम्रो साधन र स्रोत कति छ हाम्रो साधन र स्रोत भए अनुसारनै योजना सम्पन्न पनि गर्नुपर्ने छ समयमा र हामी अगाडि पनि बढनु पर्ने छ भनेपछि सिमित योजना लिएर तेलाई कार्यान्वयन गर्नु भन्दा अर्को विकल्प के हुन सक्छ रु त्यसो भएको कारणले सबै ठाउँमा बजेटहरु पर्‍या छैनन् । योजनाहरु छुटेका छन् अब बारपाकमा त्यस्तो ऐतिहासिक ठाउँमा बाटो भनेको एक पैसा पनि परेन बारपाकमा केका लागि पैसा सडक पिच हुनका निम्ति टेण्डर भैसक्या छ । बाटोको लागि पैसा हाल्ने हो टेण्डर भैसकेका ठाउँमा त्यहाँ सडकका निम्ति त पैसा पर्दैन । खानेपानीका निम्ति भूकम्प पछि केयर नेपालले प्रत्येक घरमा धारा बनाएको छ के त्यहाँ पैसा पर्छ । पर्दैननि बत्ति नेशनल ग्रिड पुर्‍याउनका निम्ति त्यहाँ पैसा हाल्द्या हो । पर्यटनको होमस्टेहरु संचालन गर्न पैसा हाल्द्या छ । त्यसो भएको कारणले केका लागि के हो हाम्रा आवश्यकता ति कुराहरु राख्नका निम्ति म अनुरोध गर्न चाहन्छु । अहिले हुनत मलाई त लाग्दैन के भौतिक पूर्वाधार मन्त्रालयले मन्दिरहरुमा मठ मन्दिरहरुमा बजेट विनियोजन गरेको जस्तो लाग्दैन र म यति मात्रै भन्छु मठ मन्दिरहरुमा हामीले बजेट विनियोजन गरेको छैन र अब मिस्टेक्ली त्यस्तो भाको रैछ भने म सच्चयाउन तयार छु र अब म यी कुरा म यहाँहरुलाई राख्न चाहन्छु । अन्धाधुन्द एउटा आरोप आयो भौतिक पूर्वाधार मन्त्रालयमा गोपनियता भएन गोपनियता भङ्ग भयो मन्त्रीले योजना जति सबै केरमेट गर्दियो । अब यस्ता कुराहरु पनि आयो म सप्रमाण भौतिक मन्त्रालयमा योजना जुन बेला हामी विनियोजित गर्दै थियौ तो बेलामा आधिकारिक रुपमा कोही कसैले प्रमाण दिन्छ भने जुनसुकै मूल्य पनि हामी चुकाउन तयार हुन्छौँ त्यसो भएको कारणले अन्धाधुन्दका भरमा मन लागेको भरमा त्यतिकै आक्रोशमा आएर अभिव्यक्तिहरु नराखिदिनका निम्ति पनि म अनुरोध गर्न चाहन्छु । आधारभूत खानेपानी खानेपानीको बजेट विनियोजन भएन भन्ने कुरो थियो र माननीयज्यूहरुले मलाई के पनि भन्नुभाथ्यो भने सदन रोष्टममा आएर भोलि मन्त्रीले भन्नुहुन्छहोलाकी

आधारभूत खानेपानी दुई वर्ष भित्रमा सम्पन्न गर्न नसकिने भयो तिन वर्ष थप गरिदिनुहोस पाँच वर्षमा पुऱ्याउँनु पुऱ्याउँछु भन्नुहुन्छ होला भन्नुभएको थियो। म म यही रोष्टममा अहिले उभिएको छु दुई वर्ष भित्रमा गण्डकी प्रदेश सरकारले आधारभूत खानेपानी पुऱ्याउने कुरा म अहिले पनि भन्न चाहन्छु पुऱ्याएर छाड्छ त्यसमा कसैले शंका नगर्दा हुन्छ । त्यसका निम्ति प्रदेश सरकारले दश करोड रुपैयाँ छुट्टाएको छ मैले अघि पनि भने खोलाको पानी जल्ले खाको छ मुख्य मन्त्रीले भन्नुभाछ हामी परिभाषित पनि गरौकी ति शब्दहरुलाई मुख्य मन्त्रीले भन्नुभाछ खोलाको पानी नदीको पानी कुवाको पानी फोहोर पानी खाएको छ एक घण्टा भन्दा बढी उ नाम्लो डोको लिएर पानी लिन जान परेको छ भने अब केही दिनमा भौतिक पूर्वाधार मन्त्रालयले सूचना राष्ट्रिय पेपरमा जिल्लाका पेपरमा त्यो सूचना प्रकाशित गर्छ। माननीयहरुको त्यो कुनै क्षेत्रमा त्यस्ता ठाउँ रहिछन् भने हामीलाई दिनुस स्थलगत गएर हेरेर त्यहाँ आवश्यकता रहिछ भने यही वर्ष पानी खुवाउने प्रतिवद्दता सरकारको तर्फबाट म गर्छु। म हार्दिकताकासाथ म अनुरोध गर्छु र यो काम सरकारले गरेर छाड्छ भन्ने कुरो म राख्न चाहन्छु । गल्याङ चापाकोट सडकमा बजेट विनियोजन नभएको भन्ने सन्दर्भमा गल्याङ चापाकोट सडकमा संघ सरकारबाट बजेट विनियोजन भएको साथै शशर्त हस्तानन्तरित सडकमा उक्त सडक पनि पर्ने हुदाँ त्यहाँ एक करोड साठ्ठी लाख रुपियाँ बजेट विनियोजन भएको जानकारी गराउन चाहन्छु । तिन दोबाटे गल्याङ झोलुङ्गे पुलको लागि रु पचास लाख विनियोजन भएको छ । तिन ठाउँमा त्यो बजेट नराखिएको पनि जानकारी गराउन चाहन्छु । मैले अघिनै भनिसकेको छु की माननीयहरुले पहिले एक पछि आर्को आर्को पछि आर्को पनि विद्युत विस्तारका बजेटहरु एकमुष्ठ राखिएको कुरो राख्नु भएको थियो । मैले अघिनै त्यो कुरोको बारेमा प्रष्ट पारिसकेको छु र राती अबेरसम्म राती अबेरसम्म बसेर सत्ता पक्ष र प्रतिपक्ष बीच एकदम कानाखुशी भयो र हिसाब लेनदेन भयो भनेर जुन माननीयज्यूले राख्नु भयो राती अनिदो बसेपछि स्वास्थ्यलाई हानी हुन्छ भन्ने कुरो सत्तापक्षलाई राम्रोसंग थाहा छ । प्रतिपक्षलाई पनि राम्रोसंग थाहा छ प्रमुख प्रतिपक्षलाई राती बस्नुपर्ने जरुरतनै छैन र नसुत्दा योजना पर्ने भएको भए मलाई लाग्छ सबै माननीयहरु रातभरी नसुतिकनै एकरात कटाउनु हुन्थ्यो होला त्यसो भएको कारणले यी यी कुराहरु यत्तिकै मैले अब राखेर जेहोस एकआपसमा हामी एकछिन भनेपनि हैन किन बेखुशी हुनु मलाई त लाग्छ हामीले त्यसो गरेको छैन र म दोहोऱ्याएर पनि भन्न चाहन्छु तेहाएर भन्न चाहन्छु कुनै त्यस्ता षडयन्त्र अर्थात लुकीछिपी काम गण्डकी प्रदेश सरकारलाई गरेर गर्न पर्छ भन्ने छैन । हामी खुलस्त रुपमा हामी अगाडी बढौँ हार्दिकताको विकाश गरौँ र यहाँको समस्या समाधान गर्नका निम्ति पहल गरौँ प्रयत्न गरौँ म अनुरोध गर्न चाहन्छु । हुनत सबै माननीयहरु जसले प्रश्न राख्नुभयो वहाँहरुको उपस्थिति देखीराको पनि छैन । म सभामुख मार्फत यहाँ माननीयज्यूहरुलाई भन्न चाहन्छु यदि कुनै माननीय अनुपस्थिति हुनुभको छ भने वहाँहरुलाई सूचना गर्दिनका निम्ति र जानकारी गराउनका निम्ति पनि म अनुरोध गर्न चाहन्छु । हुप्सीकोटमा पैसा परेन हुप्सीकोट एकदम विकाशले पछाडि परेको क्षेत्र हो यी कुराहरु आइरहेको थियो । मैले हुप्सीकोटमा खानेपानी परेको सडक सडक मत्रै एउटा त टेण्डर भएर गैसक्या छ हुप्सीकोटतिर हुप्सीकोटको केन्द्र जोड्ने सडकलाई मात्रै तिन करोड पचास लाख परेको म जानकारी गराउन चाहन्छु । त्यति मात्रै होईन चार ठाउँमा हामीले ढोरपाटन, गोरखाको धार्चे, चुनलुम्री र हुप्सीकोटलाई त्यहाँ आर्थिक विपन्नता छ त्यहाँको आर्थिक सामाजिक विकासका निम्ति भनेर बजेट विनियोजन पनि गरिएको छ । त्यसो भको कारणले गर्दा हुप्सीकोटमा तिन करोड पचास लाख हाम्रो किताबको एक सय चौध पेजमा छ र सिरियल नम्बर पनि छब्बिस चौतिस हो त्यो हेरेर सम्बन्धित माननीयलाई जानकारी गराइदिन म हार्दिक अनुरोध गर्न चाहन्छु । हामीलाई बस्नका निम्ति ठाउँ त चाहिएकै थियो अहिले बजारमा पोखरामा कोठा भाडा पनि एकदम महङ्गो छ । हामीले कोठा पनि नपाईरहेको स्थिति छ । माननीयज्यूहरुले जुन यहाँ क्वाटरको व्यवस्था गरिदिए देखी हुन्थ्यो पैसा त शहरी विकासमा धेरैनै छुट्टाइएको रहेछ एक एक अरब सत्तरी लाख रुपियाँ छुट्टाउँदा एउटा घर बस्ने ठाउँ माननीय जम्मा साठ्ठी जानाका निम्ति किन भएन भन्ने प्रश्नहरु पनि आएको छ । म माननीयलाई माननीयज्यूलाई यति मात्रै भन्न चाहन्छु यो हाम्रो आवश्यकता हो यसपाली एक अरब सत्तरी करोड रुपैयाँ छुट्टाउँदा संसद गृह

माननीयहरु बस्ने ठाउँ बनाउनका निम्ति योजना नपरेको  जानकारी म गराउन चाहन्छु । त्यति त्यति मात्रै होईनकी धेरै एउटै एउटै चौध सय चौध सय त्रिचालिस र चौध सय चौहत्तरमा उर्जा सम्बन्धी एउटै बजेट उस्तै पऱ्यो भनेर माननीयज्यूहरुले उठाउनु भएको थियो म सौर्य उर्जा जडानका निम्ति चौध सय त्रिचालिस प्रदेश सरकारबाट विनियोजित भएको रकम हो र चौध सय चौहत्तरमा संघ सरकारबाट विनियोजित भएको रकम हो र त्यो दुईटै सौर्य उर्जा जडान गर्ने कार्यमा लगाउने कुरा पनि म जानकारी गराउन चाहन्छु । नमुना एकिकृत बस्ति र जग्गा विकास कार्यक्रम फरक फरक हो । त्यसो भएको कारणले त्यो फरक फरक फरक फरक भएको हुदाँ फरक फरक शिर्षकहरुमा बजेट विनियोजन भएको जानकारी गराउन चाहन्छु र माननीयज्यूहरुबाट सडकका लागि मुआब्जा मुआब्जा भन्ने कार्यक्रम आयो जुन सोह्र लाख रुपियाँ मुआब्जा दिनका निम्ति छुट्टाईएको छ यो के हो भन्ने कुरो जुन राख्नु भएको थियो नेपाल सरकार र विश्व वैंक बीच भएको सम्झौता अनुसार ग्रामिण सडक सुदृढीकरण आयोजना अन्तर्गतको योजना अनुसार जसले निःशुल्क रुपमा निःशुल्क रुपमा सडकका लागि जग्गा प्रदान गर्छ उनीहरुलाई त्यो पास गर्नका निम्ति मालपोत सम्म आउनका निम्ति दिने पाँच हजार रुपियाँ हो । त्यो सोह्र लाख त्यसरी छुट्टाइएको पैसा हो । यो पनि संघ सरकारबाटै हाम्रो यो  कार्यक्रम जुन ग्रामीण सडक सुदृढीकरण आयोजना कार्यक्रम हाम्रो यहाँ संचालन भैरहेको छ र त्यसका निम्ति छुट्टाइएको रकम भएको जानकारी पनि गराउन चाहन्छु । व्यक्तिगत परामर्शका लागि छुट्टाइएको साठ्ठी लाख रुपैयाँ त्यो त्यो परामर्श दिने को हो साठ्ठी लाख खाने को हो भन्ने जस्ता प्रश्नहरु  पनि एकदम तेर्सिएका थिए र नेपाल सरकार विश्व वैंक बीच भएको सम्झौता अनुसार ग्रामीण सडक सुदृढीकरण आयोजनाका लागि  पहिल्यैनै यो राखिएको हो र यो व्यक्तिगत परामर्शदातालाई भुक्तानी दिनलाई यो पैसा राखिएको हो त्यहाँ त्यो उनेरको पारिश्रमीक दिने हो । त्यसो भएको कारणले गर्दा यो साठ्ठी लाख साठ्ठी लाख त्यस्तो गरिएको हो । माननीयज्यूहरुलाई म अनुरोध गर्न चाहन्छु अहिले यतिखेर म रोष्टममा उभिईरहँदा यहाँहरुले मलाई धेरै योजनाहरु दिनुभयो । सबै योजनाहरु समावेश गर्न सकेको भए त्यो राम्रो हुन्थ्यो होला मन्त्री भैसके पछी धेरै मान्छेहरुसंग अत्यन्तै राम्रो सम्बन्ध हुन्छ होला भन्ने मैले सोचेको थिए तर धेरै मान्छेहरु असन्तुष्टि हुनुहुँदोरैछ ।सबैको योजना शायद परेको भए अंकमाल गरेर हिड्नु हुन्थ्यो होला आज हात मिलाउन पनि गाह्रो गाह्रो भको छ । मेरो ईच्छा र आकांक्षा सबै योजना समावेश गर्ने नै थियो तर मैले सकिन किनभने हाम्रा आवश्यकताहरु अत्यन्तै धेरै थिए त्यो मध्ये पनि कतिपय गरेरै देखाउनु पर्ने थियो । पानी दश वर्ष पछी खाने योजना त बनाउनु भएन दुई वर्षमा बनाउने भन्नुभयो सडक पिच गर्ने भन्नुभयो आज टेण्डर गर्न हामी सक्दैन्थ्यौं यदि सबै योजनाहरु समावेश गरेको भए आज यही वर्ष यो वर्षको अन्तमा भौतिक पूर्वाधार मन्त्रालयले किताब निकाल्छ कति योजना सम्पन्न भयो कति खानेपानी  धारा हामीले बनायौं । कति सडक बनायौं कति सिञ्चाई गऱ्यौं हामी निकाल्दै छौं । त्यसो भएको कारणले गर्दा सरकारले जुन एउटा नीति तय गऱ्यो कार्यक्रम ल्यायो त्यही अनुरुप बजेट विनियोजन गर्नुपर्ने बाध्यता भयो त्यसका लागि म पनि यहाँहरुको सबैको योजनाहरु समावेश गर्न नसकेकोमा दुःखी छु र म यो पनि भन्न चाहन्छुकी यहाँहरुलाई छ जटिलताहरु देखा पऱ्यो अत्यन्तै आवश्यकता छ मन्त्रालयलाई जानकारी गराउनुहोस मन्त्रालय त्यो गाँठो फुकाउन  तयार छ भन्ने कुरो म राख्न चाहन्छु र हामी हामीले योजना दिंदा किन किन पक्षपात गर्नुपऱ्यो किन पक्षपात गर्नुपऱ्यो त्यसो भएको कारणले पक्षपात भएको छैन विधी सम्मत तरीकाले योजनाहरु छानिएका छन् र आगामी दिनमा हामी सबै मिलौ र अगाडी बढौं हामीले छानेका आयोजना कार्यान्वयन राम्रोसंग गर्यौं भने यो गण्डकी प्रदेशको मुहार यी आयोजनाहरुलेनै फेरिदिन्छन्  । आर्थिक समृद्धितिर हामी लाग्छौं ।रोजगारी बढ्छ बाटो हिड्नलाई सहज  हुन्छ । पुल पुलेसाहरु तर्न सहज हुन्छ र चाहे त्यो कृषीको क्षेत्रमा होस चाहे पर्यटनको क्षेत्रमा होस् चाहे भौतिक पूर्वाधारको

क्षेत्रमा होस यो कामहरु देखिन्छन र जनताले सेवा र सुविधा पाउँछ त्यसो भएको कारणले म के सत्ता पक्ष के प्रतिपक्ष अब हामी सबै मिलेर जाउँ यही अनुरोध गर्दै भोलिको दिनमा पनि यो प्रदेशलाई सुन्दर बनाउन समृद्ध बनाउन र यहाँका जनतालाई सुख दिनका निम्ति हामी सबै मिल्नुको विकल्प छैन मिलेरनै परिवर्तन गर्न सकिन्छ। त्यो परिवर्तन गर्ने सन्दर्भमा अहिलेको

भौतिक पूर्वाधार मन्त्रालयले पेश गरेको योजना एकदम सही छन् ठीक छन् यसले परिवर्तन गर्छ र हामी सबै कार्यान्वयनका निम्ति लागौँ यिनै अनुरोध गर्दै कतिपय माननीयज्यूहरुले राख्नुभाका प्रश्नहरु आएननकी भन्ने पनि लाग्न सक्छ सकेसम्म मैले समेट्ने प्रयत्न गरेको छु । यिनै कुराहरु यो सम्मानित सदनमा राख्दै आफ्ना भनाई टुङ्गयाउछु ।हस त धन्यवाद नमस्ते ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अबको छलफलमा विधेयकको सामाजिक विकास मन्त्रालयसंग सम्बन्धित विभिन्न शिर्षकहरुमा छलफल हुने व्यहोरा अनुरोध गर्दछु । छलफलमा भाग लिन चाहनुहुने सम्पूर्ण माननीय सदस्यहरुलाई छलफलको लागि दश मिनेट समय निर्धारण गरेको छु निर्धारित समयभित्र आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु । सर्वप्रथम माननीय सदस्य, श्री मायानाथ अधिकारीलाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री मायानाथ अधिकारी

माननीय सभामुखज्यू, हामी विनियोजन विधेयकको मन्त्रालय पिच्छेको छलफलमा सहभागी भैरहेका छौँ । आज सामाजिक विकास मन्त्रालयको छलफलमा म सहभागी बनेको छु । सामाजिक विकास मन्त्रालयको छलफलमा  सहभागी भैरहँदा सामाजिक विकास मन्त्री र त्यस मन्त्रालयका कर्मचारी साथीहरुले उक्त मन्त्रालयभित्र पर्ने शिक्षा, स्वास्थ्य, त्यसपछी युवा तथा खेलकुद, भाषा, संस्कृति, श्रम तथा रोजगार, सामाजिक सुरक्षा र महिला शशक्तिकरण लगायतका शिर्षकहरुलाई आधार बनाएर आगामी वर्षको विकास बजेटलाई अगाडि ल्याउनु भएको छ । म मेरो तर्फबाट हाम्रो दलको तर्फबाट वहाँहरुले गर्नुभएको मेहनतको निम्ति वहाँहरुले बनाउनु भएको बजेटको निम्ति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु । यो बजेटलाई गत वर्ष अनुभवको अथवा कर्मचारीको अथवा ऐन कानूनको कमिका कारणले हाम्रो केही ढिलाई भयो जति ढिलाई भएपनि हामीले जे उपलब्धि प्राप्त गर्नको निम्ति कोशिश गर्यौ ति सकारात्मक छन् र त्यसले हामीलाई एउटा अनुभव पनि दिएको छ शिक्षा पनि दिएको छ । आधार पनि खडा गरेको छ गत वर्षलाई हामीले एउटा आधार वर्षको रुपमा स्वीकार गरेका छौँ र आगामी वर्ष एक्सन इयरको रुपमा हिजो बेश इएरको रुपमा अब एक्सन इयरको रुपमा हामीले भनेका छौं त्यसकारणले अबका दिनहरुमा यो मन्त्रालयले चालु बनाएका योजनाहरु कार्यक्रमहरु बेलैमा शुरु हुनेछन् र कार्यान्वयन हुनेछन् । यसले ठिक परिणाम अझ राम्रो परिणाम दिनेछ भन्ने कुरा म शुभेच्छा शुभकामना पनि व्यक्त गर्न चाहन्छु । सामाजिक विकास मन्त्रालयले शिक्षा क्षेत्रमा एउटा महत्वपूर्ण कार्यक्रम अगाडि बढाएको छ । अहिले सम्म देशमा रहेको शिक्षा नीति अहिले सम्म देशमा रहेको शिक्षाको पाठ्यक्रम वा त्यसको योजना जे छ त्यसले सही खालको व्यवसायमूलक वा शिपमूलक शिक्षा दिन सकेको छैन रोजगारमूलक शिक्षा दिन सकेको छैन र शिक्षा नीतिमै परिवर्तन गर्नुपर्छ भनेर संघ सरकारले त्यसमा छलफल चलाईरहेको मैले सुनेको छु । अत कस्तो शिक्षा नीति आउँछ हामीले खोजेको जस्तो शिक्षा नीति आउँन सक्छ कि सक्दैन त्यो त प्रतिक्षाको विषय छ  तर भैरहेको शिक्षा नीति नियमभित्र रहेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय शिक्षा बनाउन पर्छ भनेर सरकारले जोड दिएको छ । भैरहेको शिक्षाको नियम नीति अन्तर्गत रहेर नियमन गर्ने अनुगमन गर्ने र त्यसमा गुणस्तरीय शिक्षा कसरी बनाउनु पर्छ भनेर ध्यान दिने भन्ने कुरामा जोड दिएको छ । त्यस्तै दुई वर्षभित्र यो प्रदेशलाई पूर्ण साक्षर प्रदेश पूर्ण साक्षर प्रदेशको रुपमा घोषणा गर्ने कुरा गरेको छ यो एकदम सकारात्मक कुरा हो । पहिला पहिलाको जस्तो वृक्षारोपण गर्ने मन्त्री आउँदा रुखका डाला काटेर बाटामा रोप्ने मन्त्री गएसि उखेलेर फाल्ने भने जस्तै साक्षर पूर्ण साक्षर बनाउने तरीका जतिवटा एनजिओ गाउँतिर पसेपनि साक्षरको पूर्ण साक्षर भयो भन्ने रिजल्ट नआउने परम्परा हिजो देखी छ अब बालुवामा पानी हाले जस्तो भयो विगतमा जुन एनजिओ पनि त्यही पुग्ने जुन संस्था पनि त्यही पुग्ने सरकार पनि त्यही पुग्ने तर परिणाम नआउने कति प्रतिशत साक्षर छ भन्ने पनि थाहा

नपाउने त्यो परिस्थिति विगतमा छ । त्यसकारणले त्यसलाई अन्त्य गर्दै परिणाममुखी नतिजामुखी ढङ्गले साच्चैनै साक्षर प्रदेश कागजको हिसाबले घोषणाको हिसाबले साक्षर प्रदेश हैन साच्नैनै अब अक्षर नचिनेका मान्छे अथवा भनौं न उमेरको हिसाबले सय वर्ष काटेकालाई साक्षर बनाउन सकिन्छ सकिन्न अन्ठानब्बे ति बुढा खाडा बा आमालाई कति साक्षर बनाउन सकिन्छ सकिन्न कोशिश त गर्नुपर्‍यो तर जे होस हामीले बढी भन्दा बढी प्रतिशत साक्षर बनाउने हिसाब ले यथार्थ साक्षर बनाउने हिसाबले काम भयो भने पूर्ण साक्षर प्रदेश बनाउने घोषणा गर्ने दुई वर्षभित्र गर्ने घोषणा गर्ने कार्यक्रम पनि अत्यन्त सकारात्मक छ । यो आवश्यक कुरा हो म यसको निम्ति सामाजिक विकास मन्त्रालयलाई धन्यवाद पनि  दिन चाहन्छु । हामीले जुन बनाउने गरेको अथवा हाम्रा शिक्षाले बेरोजगारमूलक रोजगारमूलक होईन बेरोजगार उत्पादन गर्ने थलो बन्यो । बिगतको शिक्षा प्रणाली वा शिक्षालयहरुले बेरोजगार उत्पादन गर्ने थलो बन्यो त्यसकारणले अहिले हाम्रो आवश्यकता अनुसारको दक्ष जनशक्ति प्राप्त भएन भन्नि कुरालाई महशुश गरेर गण्डकी प्रदेशको सामाजिक विकास मन्त्रालयले गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना गर्ने कुरा ल्याएको छ । यो एकदम सकारात्मक कुरो छ यो हाम्रो आवश्यकताको कुरा हो । हाम्रो आवश्यकताको कुरा हो यो समयको पहिचानको कुरा हो त्यसकारणले तो गण्डकी प्राविधिक प्रतिष्ठानको कामलाई कार्यान्वयनको कामलाई छिटो भन्दा छिटो तिब्र गतिमा पर्खेर ढिलो गरेर होईन तिब्र गतिमा यसलाई स्थापना गर्ने कार्यान्वयन गर्नेतिर जानुपर्छ यो कुरा पनि सकारात्मक छ भन्ने कुरा म ठान्दछु । दुर्गम र हिमाली क्षेत्रमा सातवटा सामुदायिक विद्यालयलाई आवासिय विद्यालय बनाउने छत्तिस वटा निर्वाचन क्षेत्रका माध्यमिक विद्यालयहरुलाई एउटा एउटा कम्तिमा एउटालाई विशेष विद्यालयको रुपमा अगाडि बढाउने मातृभाषा र ऐच्छिक माध्यमिक विद्यालयमा ऐच्छिक विषय कृषि जडिबुटी लगायतका ऐच्छिक विषयहरु अगाडि बढाउने बाल विकाश केन्द्रहरुको स्तरोन्नति गर्ने लगायतका शिक्षा क्षेत्रमा राम्रा कार्यक्रमहरु अगाडि ल्याएको छ । कुरा धेरै हाम्रा हाम्रो हामी अहिले हाम्रो चलन के छ भने कुरा धेरै काम थोरै छ काम धेरै कुरा थोरै गर्ने ढङ्गले अब हामी जानुपर्छ । जे भनेका छौँ जे कुरा ल्याएका  छौँ त्यसलाई व्यवहारमा कार्यान्वयन गर्न सक्यौँ भने वास्तवमा परिणाम देखिन्छ । गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले शिक्षा क्षेत्रमा गरेको परिणाम देखिन्छ । यो काम सहि ढङ्गले कार्यान्वयन होस् म यो सुझाव राख्न चाहन्छु । स्वास्थ्य क्षेत्रमा पनि उसले सर्वसुलभ र गुणस्तरिय शिक्षाको स्वास्थ्यको रुपमा जोड दिएको छ । कम्तिमा स्वास्थ्य बिमा आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य सचेतना जगाउने कुरा गरेको छ पाठेघर खस्ने लगायतका अरु धेरै दिर्घ रोगीहरुको शिविरहरु ठाउँ ठाउँमा खडा गरेर त्यसलाई स्वास्थ्य उपचारको कुरा गरेको छ खोप कोषलाई अगाडि बढाएर सबै ठाउँमा खोपयुक्त बनाउने कुरालाई प्राथमिकता दिएको छ । पर्वत, म्याग्दी, स्याङजा, गोरखा, लमजुङमा डाईलोसिस सेवा मृगौला पिडितहरुलाई डाईलोसिस सेवा अगाडि बढाउने कुरा गरेको छ ।यो एकदम सकारात्मक छ  डाईलोसिस सेवा नपाएर पोखरामा मणिपाल अथवा गण्डकी प्रदेशमा गण्डकी अस्पतालमा पाउन पनि कठिन भएर लाईन लाग्न पर्ने कठिन हुने र मृगौला पिडितहरुले  धेरै पिडानै बोध गरिरहनुपर्ने जुन अवस्था थियो त्यसको लागि विकेन्द्रीत गरेर यी जिल्लाहरुमा डाईलोसिस सेवा ल्याउने काम गरेको कुरा सकारात्मक छ । म धन्यवाद दिन चाहन्छु प्रशंशा गर्न चाहन्छु । त्यस्तै मानव सेवा आश्रम जेष्ठ नागरिक दिवा सेवा वृद्धाश्रम लगायत हामी ठाउँ ठाउँमा देख्छौँ सहयोग नपाएर जेष्ठ नागरिक सेवा व्यवस्थित नभएको मानव सेवा आश्रम भएर पनि सहयोग नपाएको त्यस्तै गरेर वृद्धाश्रमले सहयोग नपाएको अवस्था छ यसलाई पनि उसले प्राथमिकतामा राखेको छ । दुर्गम क्षेत्रमा जहाँ गरिबी छ जहाँ औषधी उपचार अथवा अस्पतालको व्यवस्था प्रर्याप्त छैन त्यस्तो ठाउँमा अहिले पनि एयर लिफ्टिङको व्यवस्था गरेर तुरुन्ता तुरुन्तै जहाँ समस्या छ तुरुन्ता तुरुन्तै एयर लिफ्टिङको व्यवस्था गरेर उनिहरुलाई पिडित सुत्केरी होस् वा अरु त्यस्ता अलि गम्भिर खालका रोगीहरुलाई एयर लिफ्टिङको जुन व्यवस्था गरेको छ यो राम्रो छ र महिला तथा बाल अस्पताल प्रदेश भित्रका जिल्ला अस्पतालको स्तरउन्नतिको कुरा गरेको छ । युवा तथा खेलकुदमा प्रदेश खेलकुद एकेडेमीको कुरा गरेको छ । एक थान एक खेल मैदान सहलगानीमै स्थानीय तहको सहलगानीमा लगानीमा कुरा गरेको छ यदि यो हामीले कार्यान्वयन गर्न

सक्यौँ भने वास्तवमा यसले युवा क्षेत्रलाई पनि  एउटा प्रभावित गर्न सक्छ र अन्तर्राष्ट्रिय क्रिकेट मैदान र गलफोर्सको निर्माणको कुरा छ हाई अल्टिच्युड ट्रेनिङ सेन्टरको कुरा छ युवा लक्ष्यित चुनौतिकोषको कुरा छ र युवा नीति बनाउने कुरा छ । अहिले युवा नीति युवाहरुलाई कसरी परिचालन गर्ने युवाहरुलाई कसरी रोजगारी दिने युवा नीति के हो युवा सम्बन्धी नीति के हो कसरी युवाहरुलाई रोजगारीमा ल्याउन सकिन्छ देश विकासमा सहभागि गराउन सकिन्छ युवाहरुलाई आशावादी बनाउन सकिन्छ भन्ने सन्दर्भमा अन्यौंल छ त्यसबारे युवा नीति नियम बनाएर अगाडि बढ्ने कुरालाई उदघोष गरेको छ यो एकदम मलाई धन्यवाद दिन चाहन्छु । सकारात्मक कुरा छ भाषा साहित्य संस्कृतिको संरक्षणको निम्ति प्रज्ञा प्रतिष्ठानको कुरा स्थापना गर्ने कुरा घोषणा गरेको छ कार्यक्रममा ल्याएको छ । सही भाषा धर्म संस्कृतिको जेगेर्ना गर्नको निम्ति बहु सांस्कृतिक ग्रामको कुरा गरेर ठाउँनै किटान गरेर योजना अगाडि सारेको छ । विशिष्ट योगदान गरेका प्रदेशभित्र रहेका विभिन्न विधामा विशिष्ट योगदान गरेका मान्छेहरुको सम्मान गर्ने कार्यक्रम गरेको छ । अहिले हामीले कामकुरो त गर्ने तर मान्छेको योगदानलाई उचित मूल्याङ्कन नगर्ने आफूले मात्रै योगदान गरेको भन्ने अरुले गरेको योगदानको मूल्याङ्कन नगर्ने त्यो परिपाटी पनि छ । आफूले मात्रै गरेको अरुले नगरेको अरुले गरेको नदेख्ने परम्परा पनि छ त्यो परम्परालाई तोडेर कम्तिमा यो प्रदेशभित्र रहेका विभिन्न क्षेत्रमा विशिष्ट योगदान गर्नेहरुलाई सम्मान गर्ने उनिहरुको मूल्याङ्कन गर्ने परिपाटीलाई स्थापित गर्न कोशिश गरेको छ त्यो कुरा अझ व्यवस्थित रुपले अगाडि बढोस भन्ने म सुझाव राख्न चाहन्छु । लामो र छोटो अवधिको सिपमूलक तालिम उद्यमशिलता तालिम युवाहरुलाई उद्यमशिलताको तालिम श्रम सम्बन्धमा उद्यमशिलता तालिम गरेर स्वरोजगार उत्पादन गर्ने कुराहरु  अगाडि बढाएको छ र जोखिममा परेका महिलाहरुलाई अथवा अरु पिडितहरुलाई पुर्नस्थापनाको कुरा र बाल मैत्री बजेट अहिले बालमैत्रीपूर्ण बजेटको कुरा गरेको छ सार्वजनिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाउने जे जे भौतिक पूर्वाधारहरु बन्छन विकास निर्माणका जे जे भौतिक पूर्वाधारहरु बन्छन ति सबैमा अपाङ्गमैत्री बनाउने कुराहरु जोड दिएको छ । गणतन्त्र स्मारक बनाउने  बसुन्धरा बसुन्धरा पार्कमा गणतन्त्र स्मारक बनाउने पोखरामा भनेर यो उद्घोष पनि गरेको छ । यी आदि कार्यक्रमहरु जे सामाजिक विकास मन्त्रालयले अगाडि सारेको छ यी सकारात्मक छन् म मेरो पार्टीको तर्फबाट मेरो दलको तर्फबाट मेरो तर्फबाट हार्दिक समर्थन व्यक्त गर्न चाहन्छु । यसलाई साउन एक गतेबाट आर्थिक वर्ष शुरुवातदेखी नै कार्यान्वयन गर्ने कुरामा ध्यान दिनुपर्छ पर्खेर बस्ने जेठलाई पर्खने असारलाई पर्खने गरियो भने फेरी पनि कार्यान्वयन हुँदैन। कुरा राम्रा तर व्यवहारमा कार्यान्वयन नहुने हामी सबैको चिन्ताको विषय छ । संघ सरकारले विभिन्न ऐन नियम कानूनहरुलाई व्यवस्थित नगर्ने सार्वजनिक खरीद ऐनलाई परिमार्जन नगर्ने यी आदि कारणले अहिले पनि हामी त्यतातिरै औंलो ठडाएर बसीराछौं अब त्यतातिर औंलो ठडाएर होईन हामीले आफ्नो कामलाई तिब्र गतिकासाथ काम गर्ने र प्रदेश सरकार छ प्रदेश सरकारले गर्छ अब यो प्रदेशमा विकास हुन्छ  तपाईंहरु निराश हुनु पर्दैन हामी मिलेर काम गर्छौ भन्ने सन्देश अगाडि बढाउनु पर्छ र परिणाममुखी नतिजामुखी कार्यक्रम अगाडि बढाउनुपर्छ भन्ने ठान्दछु । अन्तमा म भन्न चाहन्छु विभिन्न माननीयहरुले विभिन्न व्यक्तिहरुले माननीयहरुले आ(आफ्नो धारणा राख्नुभो यो सदनमा राख्ने ठाउँनै हो । आलोचना टिप्पणी राख्ने ठाउँनै हो सुझाव राख्ने ठाउँनै हो । शैली आ(आफ्नो हो त्यसकारणले म भन्न चाहन्छु हाम्रो प्रदेश गण्डकी प्रदेश हामी विकाश समृद्धि र सुशासनका निम्ति मिलेर सहकार्य गरेर अगाडि बढेका छौँ । प्रमुख प्रतिपक्षले जुन जिम्मेवार प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गरिरहेको छ म वँहाहरुलाई धन्यवाद दिन चाहन्छु । सही प्रतिपक्षका साथीहरुलाई पनि धन्यवाद दिन चाहन्छु आगामी दिनमा पनि विकास समृद्धि र सुशासन हाम्रो साझा एजेण्डा हो । साझा एजेण्डा भएको हुनाले हामी छलफल गरेर बहस गरेर फेरी पनि सहकार्य

(सभामुख - माननीय सदस्य समय सकियो)

सहमतिका साथ अगाडि बढौँ गण्डकी प्रदेश समृद्ध प्रदेश हुने कुरामा सुनिश्चित छ हामी मिल्यौँ भने त्यो सम्भव छ यी कुरा म राख्न चाहन्छु । धन्यवाद ।

### माननीय सभामुख

माननीय सदस्य, श्री बिन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री बिन्दु कुमार थापा

सभामुख महोदय, आज हामी २०७६र०७७ को यो बार्षिक आय व्यय विवरण बजेट सन्दर्भमा यो सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिर्षकमा हामी छलफलमा जुटिराखेका छौँ । सर्वप्रथम म एउटा माननीय मनकुमारी गुरुङज्युको पिता नरबहादुर गुरुङज्यूको यही २०७६ आषाढ ११ गते निधन भएको छ म वहाँ प्रति हार्दिक समवेदना व्यक्त गर्न चाहन्छु र वहाँको शोक सन्तप्त परिवार प्रति धैर्य धारण गर्ने क्षमता ईश्वरले दिओस भनेर प्रार्थना पनि गर्न चाहन्छु । सभामुख महोदय, यो २०७५/७६को जुन वार्षिक बजेट छ यो सामाजिक विकास मन्त्रालय अन्तर्गत हामी आज छलफलमा जुटिराखेका छौँ । मैले अघिल्लो पटक पनि यो सम्मानित सदनमा व्यक्त गरेको थिए यसपाली पनि यो सामाजिक विकास मन्त्रालय अन्तर्गत पर्ने जति पनि शिर्षकहरु छन् शिक्षा, स्वास्थ्य, खेलकुद अघिल्लो वर्ष र यो वर्ष पनि मैले मेरो निर्वाचन क्षेत्रमा मैले मन्त्रीज्यूले माग भए अनुसारको योजनाहरु मैले आफैले पेश गरेको थिए । यसपालि मैले परेको देखिन र मन्त्रीज्यूले भनि राख्नुभाछ आश्वासन दिनुभाछ की अब यो जुन शिर्षक नखुलेको बजेट छ यो बजेट खोल्ने बेलामा त्यो पोका खोल्ने बेलामा अब तपाईंहरुको सम्बोधन यथासक्य हुन्छ भन्नु भाछ । अब यो दुई चार लाख दश बिस लाखको बजेट दिएर अहिले सम्म यो कुनै पनि मन्त्रालयबाट मैले दिएका योजनाहरु परेका छैनन् र अब यो सामाजिक विकास मन्त्रालयबाट यो एउटा दुईटा योजनाहरु परेर यो यो यो कास्की क्षेत्र नम्बर दुईको दुईलाई एउटा बिटुलो बनाउने के जुठो बनाउने मात्र नहोस् भन्ने म अनुरोध गर्न चाहन्छु र अघिल्लो वर्ष पनि माननीय मन्त्रीज्यूको विभिन्न विद्यालयहरुबाट एउटा विद्यालयबाट मन्त्रीज्यूले केही एउटा नोमिनल रकम स्कूललाई राख्नुभाको थियो मेरो निर्वाचन क्षेत्रमा र वहाँले बिन्दु माननीयज्यूलाई पनि अब यसो फोन गर्नुसन रिक्वेस्ट गर्नुस भन्नि कुराहरु आयो र वहाँहरुले फोन पनि गर्नुभो र त्यसैलाईनै ठिक छ हुन्छ भन्नी कुराहरु गरे र त्यो यसरी यो अलिकति राजनैतिक एउटा बठ्याई भनौंकी अथवा चतुर्याई भनौं यस्तो खालको अबको बजेटमा त्यो खालको नआओस किनभने देखी यो हामीलाई कुन स्कुलमा र कुन शिर्षकमा कुन स्कुलको कुन शिर्षकमा आवश्यकता छ त्यहाँको आवश्यकता छ भन्नि कुरा माननीयज्यूहरुलाई बढी थाहा हुन्छ मन्त्रीज्यूलाई भन्दा पनि मन्त्रीज्यूले आफैले यो स्कुललाई ल यति दिन्छु भनेर अनि फेरी माननीयज्यूको एउटा म्यान्डेट लिदाखेरी त्यो अलिकति अलि चलाखीपूर्ण हो जस्तो मलाई लाग्छ त्यसै गरेर यो अघिल्लो वर्ष यो जुन विशिष्टकृत अस्पताल र त्यसपछि यो प्रदेश स्तरीय विश्वविद्यालयको लागि भनेर जुन जग्गा प्राप्तिको कुराहरु आईराखेको थियो यो हरियोखर्क अस्पतालमा चार सय रोपनी मध्ये केही जग्गाहरु लिने र त्यसपछि यो बेलचौताराको बेलचौतारामा प्रदेश विश्वविद्यालय बनाउने भनेर जग्गा प्राप्ति कुरा कहाँ पुगिराखेको छ त्यसको म मन्त्रीज्यूसंग त्यसको जवाफको मैले अपेक्षा राखेको छु । त्यो कहाँ सम्म पुगिराखेको छ भन्नी कुराको लागि र यस्तो कुराहरुमा त्यो जुन हामीले विज्ञ समूहहरु मनोनित गर्छौँ विज्ञ समूहहरु राख्छौँ यसमा अलिकति समावेशी र त्यो विषयमा अलिकति दखखल भएको व्यक्तित्वहरु विज्ञहरु राख्दाखेरी राम्रो हुन्छ भन्ने मलाई लाग्छ त्यतिखेरको त्यो विज्ञ समूहमा एकजना यो मुटुरोग सम्बन्धिको विशेषज्ञ डक्टर माधव तिवारी हुनुहुन्थ्यो वहाँले मलाई मसंग अलिकति गुनासो पनि गरिराख्नुभाको थियो । म कताबाट कसरी परे त्यो विज्ञ समूहमा मलाई थाहा भएन र मलाई काम गर्न पनि अलिकति अप्ठेरो भयो । म यतैतिरको हो भनेर शायद राख्नुभा होला मन्त्रीज्यूले यो

मलाई अब अलिकति अप्ठेरो महशुश भाछ भन्नि कुरा पनि गर्नुभयो । यस्ता  कुराहरुमा विज्ञताहरु राख्ने कुराहरुमा यो त्यो क्षेत्रमा विज्ञता हाशिल गरेको राम्रो मान्छेलाई राख्दाखेरी र समावेशी हिसाबले राख्दाखेरी राम्रो हुन्छ भन्ने मलाई लाग्छ। सभामुख महोदय, पेज नम्बर म २६५को क्रम संख्या ३६२९ तिर जान चाहन्छु। त्यहाँ सम्भाव्यता अध्ययन भनेर नौ करोड राखिएको छ यत्रो ठूलो रकम कुन कुराको सम्भावना सम्भाव्यता अध्ययनको लागि हो कुन शिर्षकमा हो भन्ने कुरा खुलाइएको छैन यस्ता किसीमका शिर्षक नखुलाइएका रकमहरु राख्दा खेरी अब यो मन्त्री मन्त्रीज्यूको अलिकति स्वविवेकीय अधिकार बढी हुने र आफ्ना मान्छेहरुलाई आसेपासेहरुलाई मत्रै त्यो बजेटहरु खर्च गर्न सकिने सम्भावना अथवा यसबाट अलिकति विकृति बढ्ने सम्भावना देखिएको छ। यस्ता कुराहरुमा शिर्षक खोलेरै आईदियो भनेदेखी यो शिर्षकमा यति यति रकम भन्ने खालको आईदियो भनेदेखी राम्रो हुन्थ्यो भन्ने हाम्रो अपेक्षा हो र धेरै हामीले यो शिर्षक नखुलेका बजेटहरु आउनु हुदैन भनेर हामीले धेरै मतलब विरोध गर्‍यौं । यद्यपि यो वर्ष पनि यो मन्त्रालयमा सामाजिक विकास मन्त्रालयमा त्यो शिर्षक नखुलेका धेरै बजेटहरु परेका छन् । यसलाई आउँदो वर्षहरुमा यसलाई एड्रेस गर्नुपर्छ भन्ने मलाई लाग्छ । त्यस्तै गरेर पेज नम्बर २६४ को क्रमसंख्या ३६७० मा राष्ट्रिय युवा परिचालन कार्यक्रम अन्तर्गत राष्ट्रिय विकास स्वंयसेवक सेवा भनेर ३ करोड २४ लाख १२ हजार छुट्टाइएको छ। यो राष्ट्रिय विकास स्वंयसेवक सेवा भनेको यो कस्तो खालको राष्ट्रिय युवा परिचालन कार्यक्रम हो यो अलिकति प्रष्ट भएन। हाम्रो दलको नेता ज्यूले पनि यो विषयमा पहिला पनि जिज्ञासा राख्नुभाको थियो। यो अब कस्तो खालको युवा जस्ता खडा गर्ने हो कस्तो बनाउँन खोजिएको हो यो कुरा पनि मन्त्रीज्यूबाट आओस भन्ने म चाहन्छु। त्यस्तै गरेर यो क्रमसंख्या ३६९१ पेज नम्बर २६६ मा शिक्षक तालिम भनेर २ करोड ९४ लाख २३ हजारको बजेट छुट्टाइएको छ। अब यो पनि यो मन्त्रीज्यूकोनै बढी स्वविवेकिय अधिकार रहने हुन्छ यसमा पनि कस्तो किसीमको तालिम दिने शिक्षकहरुलाई कहाँ दिने कुन स्कुललाई दिने कोलाई नदिने को को मान्छे राख्ने भन्ने कुराहरु पनि यसले गर्दा खेरी अलिकति अलि बढी विकृतिहरु आउँछ भन्ने हाम्रो मान्यता हो र यसपालिको यो ०७६र०७७ को बजेटमा हामीले धेरै बारम्बार हामीले भन्दै आएका थियौँ । यो प्रदेश र प्रदेश सरकार र स्थानीय सरकार बीचको समन्वय भएन यसले गर्दा खेरी हामी विकास निर्माणमा अलिकति पछि परेका छौँ। यसलाई समन्वय गर्नुपर्छ भन्ने मलाई हामीले पनि धेरै कुराहरु उठायौँ  र यसपालिको बजेटमा प्रदेशको गण्डकी प्रदेशको बजेट र पोखरा महानगरको बजेटको असाध्यै धेरै तालमेल मिलेको मैले पाएको छु। यो बजेट अलिकति पार्टीमुखी र आफ्नो पार्टीका साथीहरुलाई चुनावमा अलि बढी प्रभावित गर्न सक्ने किसीमका गरेर यो समन्वयात्मक हिसाबबाट गएको हामीले पाएका छौं । अहिले महानगर  मा पनि कांग्रेसको हाम्रो वडा अध्यक्षहरु आन्दोलनमा लागिराख्नु भएको छ। वहाँहरु पनि यो बजेटमा असाध्यै काखा र पाखा भयो अब विभेद भयो भनेर वहाँहरु पनि अगाडि बढिराख्नुभाको छ प्रदेशमा पनि हामी त्यसरीनै एउटा विरोध गरिराखेको बजेटको विरोध गरिराखेको अवस्था छ। यो विरोधको लागि विरोध होईनकी अब वास्तवमै वास्तिवकता के हो भनेर बुझ्नको लागि पनि म मन्त्रीज्यूहरुलाई अनुरोध गर्छु र यो पूर्वाधार मन्त्रीज्यूले अहिले यो सदनमा उठेका सवालहरुमा अलिकति जवाफ दिने क्रममा सम्बोधन गर्ने क्रममा धेरै कुराहरु राख्नुभाको छ म वहाँलाई हार्दिक हार्दिक धन्यवाद पनि दिन चाहन्छु र यो वहाँले मागेर हामीले दिएको योजनाहरु वहाँले हामीलाई भनेको के हो भने खानेपानी र सिञ्चाईको ल्याउनुस अरु अरु अलि गाह्रो छ अल्लि नपर्न सक्छ भन्ने कुरा गर्नुभाथ्यो । खानेपानी र सिञ्चाईको पनि मैले २६ वटा दिएको मध्येमा एउटा पनि योजना परेको छैन म फेरी पनि मन्त्रीज्यू को लाई अनुरोध गर्न चाहन्छु । कुन योजना २६ वटा योजना मध्ये कुन एउटा योजना परेको छ त्यो मलाई बताइदिनुहुनको लागि पनि अनुरोध गर्छु र फेरी मुख्य मन्त्रीज्यूले पनि त्यो २६ वटा योजनाहरु हेरेर त्यो मध्ये केही त सम्बोधन गर्नु पर्छ भनेर मन्त्रीज्यूलाई तोक आदेश पनि लगाउँदा खेरी पनि एउटा पनि योजना परेको छैन जबकी सबै निर्वाचन क्षेत्रमा योजनाहरु परेका छन् भनेर मन्त्रीज्यूले भर्खरै सदनमा भनिराख्नुभाको  छ । यो कुराको पनि मन्त्री अब भौतिक पूर्वाधार मन्त्रीलाई म विनम्रताका साथ अनुरोध गर्न चाहन्छु । मैले दिएका योजनाहरु वहाँले मागेर मैले दिएको

योजनाहरु मध्ये कुनै पनि एउटा  कुनै पनि मन्त्रालयबाट परेको छैन यो कुरा म सदन सम्मानित सदन समक्ष जानकारी गराउँदै मेरो आफ्नो भनाई यही टुङ्गयाउछु । धन्यवाद जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री कृष्ण थापालाई  छलफलमा म भाग लिन समय दिन्छु ।

## माननीय  श्री कृष्ण थापा

माननीय सभामुख महोदय, विनियोजन विधेयक २०७६को सामाजिक विकास मन्त्रालय अन्तर्गत मैले छलफल गर्न गैरहेको छु र मैले यो दश मिनेटको समय पनि लाग्छ प्रयोग गर्दिन होला किनभने यो नयाँशक्ति पार्टीले त भागै लिएन अब किन नलिनु भएको भनेर मैले वहाँलाई सोध्दा वहाँले भन्नुहुन्थ्यो दुईको एक पनि हुन्न र एकको तिन पनि हुन्न त्यसैले किन ल्याउनि भनेर भन्नुहुन्थ्यो । अब मैले यहाँ कुरा गरे पनि त्यही त हुनेहोला शायद यो हाउसले पनि त्यही अनुभूति गरेर होला यहाँ शुरु गर्ने बेला  करिब करिब हामी २५ जना थियौ बहुमत पनि थिएनौ जस्तो लाग्छ । यसैले गर्दाखेरी मैले यहाँ त्यति धेरै छलफल गर्न चाहन्न र मैले सामाजिक विकास मन्त्रालयसंगका केही छलफलहरु सन्दर्भमा प्रदेश मामिला समितिले सामाजिक विकास मन्त्रालयसंग २०७५को आर्थिक वर्षको बजेटको विषयमा छलफल चलेको थियो । छलफल चल्दाखेरी करिब करिब त्यो मन्त्रालयको १६५ जति बजेट खर्च भएको थियो र बाँकी बजेट कुनै पनि खर्च भएको थिएन । एक महिना पहिले अब यो एक महिना पछि धेरै प्रगति कति गऱ्यो मैले ठ्याक्कै रेट पनि हेरिनछु त्यो पनि लिएनछु हैन अझ धेरै भए डबल परसेन्ट गरेर त्यही तिस बत्तिस परसेन्ट पुऱ्याएको होला भन्ने मलाई लाग्छ । मलाई लाग्छ जब कुनै पनि खर्च हुँदैन भने त्यही खर्च नहुने तरिकालेनै सम्बन्धितलाई बाधक गर्छ मैले यो कुरा भन्न चाहन्छु  र यो अहिले हाम्रो देशमा सबभन्दा ठूलो समस्या भनेको शिक्षा र स्वास्थ्यमा ठूलो समस्या छ त्यसमा पनि माफियाहरुको समस्या छ आज बिरामी भएर गए माफियाकै चङ्गुलमा परिन्छ । स्वास्थ्य उपचार गर्न गए माफियाहरुकै चङ्गलमा परिन्छ । शिक्षा हामीले हेर्ने हो भने सामुदायिक विद्यालय त अब करिब करिब धरासायीमै छौं  र २१३१ वटा विद्या टिचर भएको ठाउँमा चालिस जाना पनि विद्यार्थीहरुको संख्या छैन तेले गर्दाखेरी मलाई लाग्छ यो मन्त्रालयको यो बजेटले यो शैक्षिक माफिया र स्वास्थ्य माफियालाई नियन्त्रण गर्न सक्ने किसीमको यहाँ उल्लेखित छैन जस्तो मलाई लाग्छ र आर्कोतिर यो अवण्डा बजेटहरु छ मलाई लाग्छ सामुदायिक विद्यालय पालिका स्तरको खेलकुदहरु सांस्कृत ग्रामहरु केकेहरु छन् र यलाई मलाई लाग्छ कार्यान्वयनको पाटोलाई अलि बढी बेसी पारदर्शिमुखी बनाउन आवश्यक छ र म भन्न चाहन्छु र यो मन्त्रालयको सबभन्दा कमजोर पाटो मैले के देखिरहेको छु त भने यो धेरै चिजहरुसंग समेटिएको धेरै शब्दहरुसंग यो शब्दजालमा होमिएको जस्तो मैले देख्छु जस्तै तालिम अनुसन्धान तयारी व्यवस्थापन कार्यशाला अनुसन्धान प्रशिक्षण परामर्श अध्ययन भनेर यसका धेरै शिर्षकहरु राखेर  यो तालिममुखी बनाईएको छ जस्तो मलाई लाग्छ एक दुईवटा तालिममा पनि सहभागी भाको छु । अल्लि बुढो बुढो मान्छे आयो भने मैले धेरैबेर टिक्दिन म बुढो भएको छु भनेर भन्छ अनि बिचै उठेर जान्छ अनि अल्लि टाढाको मान्छे आएछ भने ढिलो आउँछ अनि त्यहाँ बस्दैन र नबसेपछि अनि फेरी यस्सो केही बुझ्ने हुन्छनि सेतो कागजमा त्यो बेला आउँछ र जान्छ तेल्ले गर्दाखेरी मलाई के लाग्छ त भने यो वास्तवमा तालिमको तालिमैमुखी मात्र भएको छ यो वास्तवमा लाभान्वितमुखी हुन सकिरहेको छैन किनभने जस्तो लाग्छ मलाई लाग्छ यो धेरै अंश यो बजेटले यी शिर्षकहरुले समेटेको छ जस्तो लाग्छ मलाई त्यो कटौति गर्दा उपयुक्त हुन्छ जस्तो लाग्छ ।धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री जुना देवी नेपालीलाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री जुना देवी नेपाली

माननीय सभामुख महोदयज्यू, यतिबेला हामी माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले विनियोजन विधेयक २०७६ सभा समक्ष प्रस्तुत गर्नुभएको छ ।उक्त विनियोजन विधेयक माथी हामी छलफलको क्रममा छौं र यसै क्रममा आफ्ना बिचारहरु राख्न म गैरहेको छु । सामाजिक क्षेत्रका हरेक पक्षमा उल्लेख्य सुधार गर्दै प्रदेशको आर्थिक तथा सामाजिक रुपान्तरण गर्न समाजवाद उन्मुख अर्थतन्त्र समृद्ध गण्डकी प्रदेश बनाउन सामाजिक विकास मन्त्रालय प्रदेशभित्रको शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, युवा, समाज कल्याण, खेलकुद, श्रम, रोजगार र भाषा संस्कृति र पुरातन जस्ता क्षेत्रको विकासका लागि विनियोजन विधेयक २०७६ आर्थिक वर्ष २०७६।७७ को वार्षिक विकास कार्यक्रममा नागरिकका आजश्यकता र प्राथमिकता तय र सामाजिक पूर्वाधारका कार्यक्रमहरु महत्वपूर्ण आएका छन् । महिलाहरुका लागि प्रतियोगितात्मक कक्षा संचालन गर्ने लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान संचालन गर्ने महिला उद्यमिबाट उत्पादित वस्तुहरुको औद्योगिक प्रदर्शनि गर्ने श्रमिक बालबालिकाहरुको तथ्याङ्क सङ्कलन गर्ने र बालबालिकाको स्थिति अवस्था के छ त भन्ने त्यस्ता कुराहरु प्रकाशन गर्ने र लक्षियत विपन्न समूहका अभिभावक विहिन बालबालिकाका लागि सामाजिक सुरक्षा सहयोग कार्यक्रम भनिन्छ ।अरुले सबै आफ्ना आवश्यकताका कुराहरु आफै जोहो गर्न सक्छन तर बालबालिकाले सक्दैनन् । उनिहरुको लागि ठूलो मान्छेहरु अभिभावक र राज्यले व्यवस्था गरिदिनुपर्छ र त्यसै अनुरुप यी कार्यक्रमहरुले महत्व पाएको छ । त्यस्तै गरि सिपमा आधारित उद्यम प्रर्वद्धनका लागि सहयोग कार्यक्रम र छोटो अवधिका लागि सिपमूलक कार्यक्रमहरु परम्परागत सिपमा आधारित घरेलु उद्यम प्रर्वद्धन र लामो अवधिका तालिमहरुले महत्व पाएका छन् र सुत्केरी र गर्भवति महिलाहरुको जुन जटिलता व्यवस्थापन सुविधा सम्पन्न अस्पतालमा एयर लिफ्टिङ जस्ता कार्यक्रमहरु महत्वपूर्ण रुपमा आएका छन् । मुख्यमन्त्री उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति कार्यक्रम जुन एमविविएस भर्नाका भर्ना भएका गरिब दलित र अल्पसंख्यक बालबालिकाहरुको लागि यो कार्यक्रम आएको छ । एकल महिला संरक्षण कार्यक्रम र संग्राहलयहरु शैक्षिक कार्यक्रम जस्ता महत्वपूर्ण कार्यक्रम आएका छन् । संग्राहलयहरु भवन स्थापना एवं स्तरउन्नति कार्यक्रमहरु मन्दिर गुम्बा मस्जिद आदिको मर्मत र हिंसा प्रभावित व्यक्तिहरुका लागि सेवा केन्द्रित स्थापना, सामाजिक कुरिती, जातिय छुवाछुत, लैङ्गिक हिंसा, मानब बेचबिखन तथा ओसार पसार लगायतका परम्परागत हानिकारक अभ्यासहरु न्यूनिकरण सम्बन्धी कार्यक्रम संचालन गर्न पचासी वटै स्थानीय तहहरुलाई अनुदान दिने कार्यक्रम बालविवाह न्यूनिकरण सम्बन्धी अभियान संचालन गर्ने यो कार्यक्रम पनि पचासीवटै स्थानीय तहलाई अनुदान दिने र बालमैत्री स्थानीय शासन प्रवर्द्धन र व्यवस्थापन गर्ने र सामुदायिक क्याम्पसहरुको स्तरोन्नति गर्ने र प्रदेश साक्षरता अभियान दुई वर्षमा साक्षर प्रदेश घोषणा गर्ने कार्यक्रमहरु महत्वपूर्ण रुपमा आएका छन् र गाउँ विकासको समन्वयमा एक स्थानीय तह एक खेल मैदान, नगरपालिकासंगको समन्वयमा रंगशाला निर्माण, राष्ट्रिय विकाश स्वंसेवक कार्यक्रम, शिक्षक तालिम संचालन, विद्यालयहरुलाई विपन्न व्यवस्थापनका लागि अनुदान कार्यक्रम र कीशोर कीशोरी कार्यक्रम र सुरक्षित मातृत्व निशुल्क रक्त संचार सेवा कार्यक्रम, पोषण, खोप, औलो, कालाजार जस्ता हात्ति पाईले रोग विरुद्धका औषधीहरु खुवाउने अभियानहरु र माहामारी कुष्ठरोग जस्ता यस्ता रोगहरुको न्यूनिकरणका लागि विभिन्न अभियानहरु महत्वपूर्ण रुपमा आएका छन् र अस्पताल सुदृढिकरणमा अनुदान दिने महिला स्वास्थ्य स्वंमसेविका कार्यक्रमहरु र सबै भौगोलिक क्षेत्र एवं समुदायको आवश्यकतालाई सम्बोधन हुने गरी रोजगार उन्मुख घुम्ति तथा तालिम केन्द्र जुन बिस जनाको समूहमा छोटो अवधिको लागि सिप विकास तालिमहरु स्थानीय तहको समन्वयमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा सदस्यहरुका लागि तालिम र विद्यालय व्यवस्थापन समिति  अध्यक्ष तथा सदस्यहरुका लागि प्रअहरुलाई स्रोत त्यो सहजकर्ताको रुपमा तालिम जस्ता कुराले विद्यालयका

बालबालिकाहरुको निरन्तर विद्यालय र सिकाई प्रकृयालाई प्रभावकारी बनाउन यी कार्यक्रमहरुले महत्वपूर्ण भूमिका खेल्ने छन् । आदर्श विद्यालय विकास कार्यक्रम प्राविधिक विद्यालयहरुमा व्यवस्थापनका लागि अनुदान र सामुदायिक विद्यालय भौतिक सुधार कार्यक्रम खेलकुद संङ्गित विशेष विद्यालयको रुपमा विकास गर्ने माध्यमिक तह कक्षा एघार बाह्रमा विज्ञान विषय अध्ययन गर्ने सामुदायिक विद्यालयहरुलाई पूँजिगत अनुदान देखि लिएर थुप्रै कार्यक्रमहरु महत्वपूर्ण रुपमा आएका छन् र जुन डायोलोसिस सेवा जिल्ला अस्पतालमा यो आँखा दात मानसिक स्वास्थ्य कार्यक्रम विस्तार गर्ने जिल्ला अस्पतालहरुको भवन निर्माण गर्ने जस्ता कार्यक्रमहरु लगायत धेरै कार्यक्रमहरु यो सामाजिक विकास मन्त्रालय अन्तर्गत महत्वपूर्ण कार्यक्रम आएका छन् । अझै यो विद्यालयहरुलाई जुन मुलुकका विद्यालयहरु क्याम्पसहरु यो तगडा नभै मुलुक तगडा हुँदैन हुँन सक्दैन त्यसैले देश बदल्ने हो भने स्कूल क्याम्पस शिक्षक पाठ्यक्रम र पढ्ने पढाउने तरिका बदलौ भन्ने ध्येयका साथ यो कार्यक्रम आएको छ र यी महत्वपूर्ण कार्यक्रमहरुलाई हामीले अब कार्यान्वयन तर्फ विशेष जोड दिनुपर्ने सम्पूर्ण त तपाई हामी लाग्नुपर्ने अवस्था छ त्यसैले जुन मेहनतकासाथ सामाजिक विकास मन्त्रालय र मन्त्रीज्यू कर्मचारीज्यूहरु र अर्थ मन्त्रीज्यू लगायत गण्डकी प्रदेश सरकारलाई म हृदयदेखीनै आभार प्रकट गर्दछु र मेरो व्यक्तिगत तर्फबाट र मेरो पार्टीको तर्फबाट यो कार्यक्रमको म पूर्ण समर्थन गर्दछु र यति धेरै महत्वपूर्ण कार्यक्रमहरु आउँदा आउँदै पनि अझै केही कुराहरु सुझावको रुपमा म राख्न चाहन्छु । जुन  विद्यालय ड्रप आउट विद्यार्थीहरुलाई कसरी नियन्त्रण गर्ने  र उच्च शिक्षा सम्म  जुन २०।ढ५ विद्यार्थी यो पुग्छन्  प्रदेश स्थिति पत्र भन्छ बाँकी लगभग ८०५ बालबालिकाहरु विद्यार्थीहरु कहाँ र कुन अवस्थामा छन् तिनिहरुको खोजि अध्ययन र अनुसन्धानको विषय हुनुपर्ने आवश्यकता छ र यो नेपालको संविधान कार्यान्वयनको चरणमा छौ हामी र संविधानको मूल मर्म समानुपातिक समावेशि प्रतिनिधित्व सुनिश्चितता संविधानको जुन कार्यान्वयनमा यो नीति नियम कानून ऐन बन्नु एकदमै महत्वपूर्ण कुरा छ र तीनिहरुलाई अझै प्रभावकारी बनाउनको लागि पूर्णता दिनको लागि र प्रभावकारिता ल्याउनको लागि क्षमता भन्ने कुरा ठूलो महत्वपूर्ण कुरा हुँदोरहेछ । मलाई एउटा जिल्लाको एउटा कार्यक्रमको याद आँउछ त्यो कार्यक्रममा हामीले समावेशी प्रतिनिधित्व महिलाको घघ५ त्यस्ता कुराहरु गोष्ठीमा राखिरहँदा एकजना भेटनरी डक्टरले भन्नुहुन्थ्यो तपाईहरु कानूनका कुराहरु मात्रै गर्नुहुन्छ र अहिले सम्म एकजना पनि भेटनरी डक्टर छैन । तपाईहरु आफ्नो छोरीलाई भेटनरी डक्टर पढाउन तयार हुनुपर्‍यो तबमात्र बल्ल हुन्छ भन्ने कुरा आज हामी कति छोरीलाई डाक्टर बनाउने पाईलट बनाउने नेता बनाउनेकी भोलीको सिए बनाउने के बनाउने हो यतातर्फ पनि हामी ध्यान दिन यो क्षमतामा महत्वपूर्ण ध्यान पुर्‍याउनु पर्ने अहिलेको आवश्यकता देखिन्छ । आज छोरी बुहारीले पढ्ने थलो भनेको गाउँघरका सामुदायिक विद्यालयहरु क्याम्पसहरु भएका छन् । यीनिहरुलाई कार्यक्रमहरु त आएको छ अझै प्रयाप्त सुविधा सम्पन्न बनाउनको लागि ९सभामुख( माननीय सदस्य समय सकियो० हामी प्रयाप्त बजेटमा अझै ध्यान पुर्‍याउन सकेमा कता कता आउने गर्छन फेसबुकहरुमा समान सहभागिताको लागि त क्षमता पनि हुनु पर्‍योनि त समान (सभामुख: माननीय सदस्य समय सकियो) भन्ने जस्ता कुरा आउँछन्। मन्त्रीज्यू यस्ता कुराहरुलाई सम्बोधन गर्न हामीले प्रयाप्त रुपमा बजेट लिएर प्रभावकारी बनाउन सकेमा हामी अगाडि बढ्न सक्छौ भन्दै पुनः म समर्थन गर्दै मेरा भनाईहरु यही अन्त गर्दछु । हस् त धन्यवाद नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री सरिता गुरुङलाई  छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री सरिता गुरुङ**

माननीय सभामुखज्यू, विनियोजित बजेट २०७६र०७७ को आज शिक्षा सम्बन्धी हामी दफाबार छलफलमा लागिराखेका छौं तर यो शिक्षा स्वास्थ्यमा दुई सय एकतिस वटा बुदाँमा यो कार्यक्रमहरु उल्लेख गरिएको छ र यसलाई अध्ययन गर्दाखेरी धैरै विषय वस्तुहरु समेटिएको जस्तो मलाई लागेछ तर यति हुँदाहुँदा यो कार्यक्रमहरु हेर्दा राम्रो छ जस्तो लाग्छ। यो अनसिन पनि हैन यसमा एउटा जिल्लामा कतिवटा कार्यक्रमहरु गर्ने र त्यसको विषय र शिर्षकहरु पनि छुटाएको छ तर त्यसमा स्थानहरु छुटाएको छैन मलाई लाग्छ यो उतापट्टि उल्लेख गरेको छ त्यो फरम्याटमा स्थानीय तहसंग समन्वय गरेर यो कार्यक्रम गर्नि भनिएको हुँदाखेरी यो पारदर्शि र एउटा समावेशी र समानुपातिक हुन्छ भन्ने मलाई विश्वास लागेछ। यदि यो भएन भने यो पक्कै पनि यो फेरी पोहोरकै अब यो असंवैधानिक शब्द हो। यो दोहोर्‍याउनु हुँदैन भनेर हाम्रो माननीय मुख्य मन्त्रीज्यूले भनिसक्नु भएकै कारणले गर्दा मलाई त्यो शब्द दोहोर्‍याउन खासै उपयुक्त लाग्दैन। त्यो बास्केट बजेट अहिले बास्केटबाट झिकेको भएपनि तेलाई फोरफार गरेको छैन मलाई लाग्छ त्यो फोरफार हुन्छ भन्नि कुरो र यो शिक्षा तर्फ दुई वर्ष भित्र हाम्रो गण्डकी प्रदेशलाई पूर्ण साक्षरता बनाउने भन्ने छ यो पूर्ण साक्षरता बनाउनको लागि पहिला हामीहरुले काम गर्दा पनि यो ल्याप्चे हातको अभियान भन्ने थियो र कम्ति पनि नेपाली नागरिकले आफ्नो नाम लेख्न र पढ्न सक्ने हुनपर्छ है भन्ने छ। यो कुन ठाउँमा र कसरी हो अब धैरै ठाउँमा जिल्लाहरुले साक्षरता घोषणा गर्न सङसङ्गै पूर्ण साक्षरता घोषणा पनि गरेकै जिल्लाहरु पनि छन् हाम्रो गण्डकी प्रदेशमा यसलाई यो कुन ठाउँमा हो यो अझ राम्रोसित गएर यो गर्नै पर्छ किनभने एक्काईसौ शताब्दीमा अझै पनि हामीले ठाउँ ठाउँमा आफ्नो नाम लेख्न र पढ्न सकिराखेको छैन खाली एउटा चित्रको भरमा एउटा फूलको भरमा यलाई तेलाई आधार मानेर काम गरिराखेको छ । यो हामीले आफूले जीवन चाहेर चलाई राखेको छ र यी भैसके पछी श्रमजिबि विशेष गरि महिलाहरु यो शिक्षामा कमजोरी छ पुरुषको तुलनामा श्रमजिबि महिलाहरुलाई त्यो ज्यालामा समान ज्याला समान काम हामीले भनिराखेको छ तर त्यो ज्यालामा अलिकति तलमाथी झेलखेल भैराखेको छ त्यसैले यो पनि हामीले राम्रोसित लाग्न पर्छ भन्ने मलाई लागेको छ र आर्को कार्यक्रम यो गरिब दलित बालबालिकाहरुलाई उच्च शिक्षाको लागि मुख्य मन्त्री कार्यक्रमहरु छ यो पनि ठिक छ राम्रै छ अहिले सरसर्ति हेर्दा राम्रो छ यो यल्लाई यसको कार्यान्वयन पक्ष त हेर्नै छ र आर्को यो स्वास्थ्य सम्बन्धिको कुराहरु छ । यो स्वास्थ्यमा हामीले पूर्ण खोपको कुरा देखि लिएर महिलाहरुलाई विशेष गरेर हामीले स्वास्थ्य शिविरहरु राख्ने गर्छौं । यहाँ विभिन्न स्वास्थ्य शिविर गर्दा अझै पनि हाम्रो ग्रामीण स्तरको महिलाहरु गाउँमा बसोबास गर्ने महिलाहरुलाई धैरै महिलाको समस्याहरु छ। स्वास्थ्य समस्याहरु छ जस्तै पाठेघर खस्ने सेतो पानी बग्ने स्तनको समस्याहरु छ यी कुराहरुमा पनि हामीले बढी ध्यान दिन पर्ने हुन्छ। मलाई के लाग्यो भने गत वर्ष पनि माननीय मन्त्रीज्यूले पनि त्यहा तिम्रो जिल्लामा तपाईको जिल्लामा कार्यक्रम आउँछ भन्नि कार्यक्रम भयो भन्नि पत्रपत्रिकामा समाचारहरुमा एफ।एमहरुमा सुन्ने तर कसरी गयो कसरी आयो त्यो हामीलाई थाहा भएन किनभने त्यसो भैसकेपछी हुन त स्थानीय तहसंग समन्वय गर्नि भन्नि भो उपस्वास्थ्य चौकी जिल्ला अस्पतालसित गएर गरेको हो तर हामी जति जनप्रतिनिधिलाई त्यहाँको समस्याहरु थाहा हुन्छ तर त्यो अफिसमा बसेर एउटा टेबुल वर्क गर्नेलाई त्यति वास्तविकता थाहा हुन्छ जस्तो मलाई लाग्दैन र अनि त्यो बेला पनि के परेछ भने त्यो मिजारहरुलाई उपभोक्ताहरुलाई पनि यो प्रदेशबाट आएको कार्यक्रम होईन हाम्रो जिल्ला अस्पतालबाट आएको हो । फलानो उपस्वास्थ्य चौकी स्वास्थ्य चौकीले बनाएको हो भन्ने छ यसरी यसलाई संघियताको मर्मलाई बुझ्न हामीले पर्छनै किनभने स्थानीय तहलाई हामीले परिचालन गर्ने बलियो बनाउने भन्ने हुन्छ त्यसको फिलिङ पनि जनतामा जान पर्छ भन्ने मेरो एउटा अनुरोध हो र आर्को कुरा यहाँ भन्दै जादै गर्दा खेरी अब यो भाषा संरक्षणको संस्कृतिको कुराहरु पनि छ । यो शिक्षाले पक्कै पनि यो विभिन्न आफ्नो मातृभाषाहरु छन् म आफूले पनि मातृभाषा सम्बन्धि र संस्कृति संरक्षण सम्बन्धि योजनामा पेश गरेको थियो मठ मन्दिरको त झन एउटा अचम्म के भयो भने पर्यटन मन्त्रालयमा पेश गरौ अनि आब यो बजेटको सिस्टम क्लोज हुदै छ अरे भनेर मन्त्रालय दौडधुप गर्दाखेरि पर्यटन मन्त्रालय यो शिक्षामा गएछ भन्ने भो अनि गैसके पछि कुन छान्नि

कुन छान्नि शिक्षालाई कुन दिनी यता दिईसकेको आब भनेर मलाई एकदम हतास भयो तैपनि मैले पेश गऱ्याछु मैले मन्त्रीज्यूलाई पनि माननीय मन्त्रीज्यूलाई पनि गत वर्ष मैले यस मन्त्रालयबाट केही लग्या छैन हात लायो जिरो भो हजुरको गत वर्षको कुरा मैले विर्सेको छैन किनभने हजुरले यो रोष्टममा बसेर के भन्नु भाको थियो भने म महिला हुँ म आमा हुँ यो बास्केट फण्ड कसैलाई रित्तो हात फर्कन्न भन्नुभएको थियो । हामी असाध्यै गर्व गरे मैले मन्त्रीज्यू हजुरको मन्त्रीज्यूहरुमा सबै भन्दा राम्रो हजुरको थियो हामी एकदम ढुक्क छु भन्ने थियो तर हामी हात लायो जिरो भयो र यसै गरि फेरि मैले मञ्चमा वहाँसित कुरा गरे कुरा गर्दा मलाई आज त्यति बोल्नका लागि मैले मन्त्रीज्यूलाई पटक पटक कति भनेको भन्नुहुन्छकि भन्ने लागिरह्यो तैपनि आस्ति संगै मञ्चमा हुँदा पनि भनौ नभनौ हुदै मैले भने मैले हजुलाई भेटनै पिच्छे भन्ने गऱ्याछु तर यो मेरो कुरा भाछैन वहाँ आफैको डिमाण्ड हो । यो वृद्धआश्रमहरु जेष्ठ नागरिक आश्रमहरु छैन जिल्लामा भने छ मैले दुई तिनवटा खालको आश्रमहरु ल्याएकी थिए जेष्ठ नागरिक आश्रम ल्याउँदा यो बास बस्ने आश्रम गाह्रो हुन्छ दिवा आश्रम लेउ भन्नुभो ल्याउँदा राम्रो हुन्छ सजिलो हुन्छ बजेट सहज हुन्छ । मैले दुईटा तनहुँको दिवा आश्रम पेश गरेको बैशाख देखीन पेश गरेको आज आषाढको तेह्र भैसक्यो बुढा बुढीलाई तड्पाएर राखेछ घिर्को हालेछ तर अहिले सम्म त्यहाँ बजेट पुगेको छैन । मैले हिजो छाडी अस्ति मात्रै माननीय मन्त्रीजि र म संङ्गै मञ्चमा थियौ र वहाँको सचिव मन्त्रालयको सम्बन्धित सचिव पनि हुनुहुन्थ्यो खै त बुढाबुढीलाई तडपाएर राख्ने हो त मन्त्रीज्यू कति भेटनै पिच्छे भन्ने गर्नुहुन्छकि भनेर मैले नभनु नभनु लागेथ्यो तर बुढाबुढीको मन मैले मार्न सकेन किनकि त वृद्ध जेष्ठ नागरिक भनेको हाम्रो ईतिहास हो । हाम्रो धरोहर हो हाम्रो एउटा पैत्रृक सम्पत्ति हो मलाई लाग्छ पैत्रृक सम्पत्तिलाई जेष्ठ नागरिकलाई बालबालिकालाई एकदम संबेदनशिल हो तर वहाँले बदला लिन्छु भन्दा बदला लिन सक्छ किनभने भोलि म यो गर्छु भोलि म यो हुन्छ एउटा आफ्नो ईच्छा आकांक्षाहरु पुरा गर्न सक्छ तर बुढाबुढी भनेको त डाडाँको घाम जेष्ठ नागरिक त ओरालो लागिराख्या छ । ल्याउँछु भन्थि दिन्छु भन्थि दिएन अब गर्न त वहाँहरुले मलाई केही गर्न सक्नुहुन्न त्यसैले मैले यो कुरा धैरै पल्ट अनुरोध गऱ्या छु । मैले आज मात्रै असाध्यै भन्न मन लागेर यो किन त तडपाएर राखेको कुरा मैले बुझेन मैले यो गरिमा प्रदेश सभाबाट माननीय मन्त्रीज्यू पनि यहि हुनुहुन्छ मैले त्यो भनेको छु अनि मैले त्यो अनुरोध गरे अरु यहाँ उद्यमशिलता तालिमहरुको कुरा छ र युवाहरुको लागि तालिम छ उद्यम तालिमहरु लघु तालिमहरु छ । यी कुराहरु पनि हामीले यो आवश्यकतालाई पहिचान गरेर दिनपर्छ भन्ने मेरो मान्यता हो किनभने हामीले पटक पटक यो प्रतिपक्षले बोल्न पर्ने धर्म सत्तापक्षले नराम्रै बोल्न राम्रै बोल्नि प्रतिपक्षले नराम्रै बोल्न पर्छ भन्ने यो मान्यताहरु यो ट्रेनहरुलाई पनि हामीले राख्न हुदैन किनभने कहाँ आवश्यकता हो नेपालमा अब युवा युवतिहरु त वैदेशिक विदेशै जान लागिराखेको छ किनभने यहाँ आफ्नो भविष्य देखे छैन जसको पहुँच छ त्यो यो देशमा अडिन सकेछ जसको पहुँच छैन त्यो विकल्प खोजेर जान थालेछ त्यसैले यी कुराहरुलाई परिपूर्ति गर्नको लागि पनि यो युवाहरुले खोजेको के हो त वहाँको चाहना योग्यता र क्षमता अनुसारको उद्यमशिलता तालिमहरु दिएर एउटा लघु तालिम दिएर वहाँलाई एउटा जिवन प्रदान गर्न र एउटा रोजगारीको सिर्जना गराउनु पर्छ भन्ने मेरो अनुरोध हो र एउटा एकल महिलाको कुराहरु छन् यो एकल महिलाको कार्यक्रम ल्याउनलाई यहाँ शिर्षक छुट्टाएको छ विनियोजन बजेट पनि छ म आफूले पनि मेरो अनुभव के छ भने यो एकल महिलाहरु एउटो टोलमा एउटा बस्तिमा हुदैनरहेछ अब मैले यो छरिएर रहेको त्यसको कार्यक्रम कसरी लाने हो यो सामूहिक कार्यक्रम हो कि एउटा एउटा व्यक्ति विशेषलाई दिने होकी यो के हो किनभने एकल महिला एउटा टोलमा एउटा एउटा गाउँमा हुदैन । यो गाह्रो छ धैरै ठाउँको जुटाएर एउटा ठाउँमा ल्याउनका लागि र एकल महिलाको एउटै योग्यता र क्षमता पनि हुदैन रहेछ कुनै कुनै अलिकति साक्षर हुनी कुनै कुनै निरक्षर हुनी कुनै निरक्षर भए पनि केही आम्दानीहरु धन सम्पत्ति हुनि र परिवारीक संरक्षण पाउने र कुनै एकदमै तल छ त्यसैले एकल महिला भन्ने वित्तिकै त्यसको पनि क्याटोगोरी छुट्टाएर कल्लाई कुन एकल महिलालाई संरक्षणमा राख्नी कल्लाई आय आर्जन पट्टी लैजाने र उसको एकल महिलाहरुको उमेर र योग्यता क्षमता हेरेर यल्लाई कार्यक्रम त लान असाध्यै राम्रो छ तर यसलाई अध्ययन गर्न पर्छ भन्ने मलाई लागेछ अरु त कार्यक्रमहरु राम्रो छ मलाई विश्वास छ । गत वर्ष

जस्तो यो नदोहोरियोस आउने वर्षमा हामी सबैलाई चित्त बुझ्दो र यहाँ पुग्नु पर्ने ठाउँमा यो कार्यक्रम पुग्नेछ र यो उपलब्धिमूलक हुनेछ भनि विश्वास गर्दै विदा हुन्छु धन्यवाद जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री पियारी थापा

माननीय सभामुख महोदय, आज हामी सामाजिक विकास मन्त्रालयको मन्त्रालयगत यो वार्षिक कार्यक्रममा छलफलको क्रममा जुटेका छौं । सामाजिक विकास मन्त्रालयको बजेट विन्यास सरसर्ति हेरियो दोहोऱ्याई तेहेऱ्याई हेरियो शायद यसपालि प्याकेजमा बजेट आउँदैन भन्ने सरकारको धारणा पनि रहेको कारणले गर्दा खेरी त्यो धारणाले पनि काम गरेको हुनुपर्छ । यसपालिको बजेटले सम्पूर्ण क्षेत्रलाई समेट्ने पक्षमा आशावादी थियौं यो विकाश कार्यक्रमले हाम्रो आशालाई सम्मान गर्न सकेको छैन । झट्ट हेर्दा पोका फुकाएको जस्तो देखिने तर यथार्थमा पोकानै यो बजेटको मूलभूत विशेषता हो त्यसकारण म के भन्न चाहन्छु भने गोदामबाट होलसेलको रुप धारण गरेको यो बजेट विन्यास कार्यक्रमले सम्पूर्ण तहको पहुँच वृद्धिमा सकारात्मक भूमिका खेल्न सक्दैन । यसमा पनि पहुँचवालाको हालिमुहालि चल्ने निश्चित छ त्यसकारणले यसलाई विश्वासको नजरले हेर्न सक्ने अवस्था छैन । अधिकांश बजेट क्षमता अभिवृद्धि, तालिम, डिपिआर तयार पार्ने, गोष्ठि, सेमिनार गर्ने, सिपमूलक कार्यक्रम गर्ने, अनुभव आदान प्रदान गर्ने, जस्ता अलि कम महत्वको विषयमा बढी रकम तोकिएको छ ।मैले मन्त्रालयको विन्यास शिर्षक पढदै गर्दा मलाई कत्ति पनि लागेनकी मैले पक्का मन्त्रालयको यो बुकलेट पढिराछु ।मैले कुनै गन्यमान्य तालिम प्रवाह गर्ने एनजिओको वार्षिक गतिविधि हेरिरहेको छु भन्ने लागिरहेको छ किनकी यथार्थमा यही छ । राज्य यो विकास कार्यक्रम तपाईहरु सम्म पनि छ त्यसलाई राम्रोसंग अध्ययन पनि गर्न पनि सक्नुहुन्छ र तपाईहरुले मूल्याङ्कन गर्न सक्नुहुन्छ । यथार्थ यहि छ यसकारणले चालु खर्चलाई बढी हाईलाईट गरेको छ यो यसको मतलब पनि पूँजिगत खर्च कमजोर भएको छ अनि सुखी नेपालीको परिकल्पनालाई कति हद सम्म पुरा गर्नि हो त्यसकारण म भन्न चाहन्छु सभामुख महोदय, घैया रोपेर धान फल्दैन धान फलाउनका निमित्त असलि धानकै बिऊ रोप्नु पर्छ त्यसकारण सरकारले म के सुझाव दिन चाहन्छु भने यदि साच्चिकै समुन्नत प्रदेश चाहने हो भने पूँजिगत लगानिमा बढी लगानि बढाउनुहोस अनि त्यसको सफलिभूत कार्यान्वयनका लागि जोड दिनुहोस । सभामुख महोदय, योजनाको शिर्षकहरु दोहोरिएका छन् यो पनि सफ्टवेयरको गल्ति हो त्यसकारण यहि मान्नुपर्छ । म केही शिर्षकहरुमा छलफल गर्ने अनुमति चाहन्छु पेज नम्वर २६४ को अन्तिम बुदाँमा राष्ट्रिय स्वयंसेवा भन्ने शिर्षकले मलाई के अनुभूति गरायो भने जसरी प्रधानमन्त्री स्वरोजगार कार्यक्रमले पहेलो कोट र टोपी ढल्काएर सडकमा छाडा चौपाया धपाउने नाली सोहोर्ने झारपात उखेल्ने जस्ता अत्यन्तै न्यून स्तरको अनुत्पादित कार्यमा युवाहरुलाई लगाई युवाहरुको सक्षमतामा सक्षमतामा खिसीटिउरी गरिरहेको छ । राज्यको ढुकुटि दोहोन भैरहेको छ । के यही त्यो के यो कार्यक्रम पनि त्यही कामको पुनरावृत्ति हो यदि त्यसो हो भने यो कार्यक्रम कुनै औचित्य छैन यसलाई तत्काल खारेज गरिनु पर्छ ।यो विकास कार्यक्रमले खोप सेवा जसरी पूर्वाधार मन्त्रालयले खानेपानी वर्ष मनाएको थियो त्यसै गरी यसले पनि एउटा खोप सेवालाई खोप वर्षको रुपमा मनाएको छ । यो राम्रो कुरा छ खेलकुदमा पनि बजेट प्रसस्त छन् । मलाई के मात्र भन्न मन लागेको हो भने एक वर्ष भित्रमा के के काम गर्नि हो भन्ने ठ्याक्कै किटानिका साथ आएको भए हुने थियो । यसमा अन्तराष्ट्रिय क्रिकेट मैदान बनाउँछु गलफोर्स बनाउँछु उच्च उचाई खेल तालिम केन्द्र बनाउँछु आदि इत्यादि गरेर अनावश्यक प्रचार बाजिमा सरकार अलि बढि केन्द्रित भएको हो कि मलाइ त्यो शंका लागिरहेको छ । सबै काम गर्न गर्छु त भन्ने तर नतिजा कतैबाट दिन नसक्ने अलि

बढि प्रचारमुखी कार्यक्रम भयोकी गर्न सकिने कार्यक्रम समावेश गरेर रिजल्ट दिने काम गर्नका निमित्त म सरकारलाई सुझाव दिन चाहन्छु र पोका बजेटलाई सकेसम्म  सबै माननीयज्यूहरुलाई सकेसम्म माननीयज्यूको होईन सबै क्षेत्रलाई समावेश गरेर सबै क्षेत्रलाई जुन आवश्यक छ त्यो क्षेत्रमा त्यो पोका बजेटलाई फुकाउनका निमित्त पनि मैले अनुरोध गर्दै मेरो भनाईहरु यही अन्त्य गर्ने अनुमति चाहन्छु धन्यवाद ।

**माननीय सभामुख**

माननीय सदस्य श्री बिनोद केसिलाई छलफलमा म भाग लिन समय दिन्छु ।

**माननीय श्री बिनोद केसि**

सभामुख महोदय आज हामी २०७६र०७७को आर्थिक मामिला मन्त्रालयले ल्याएको आर्थिक विनियोजन विधेयकको सामाजिक विकास मन्त्रालयको बजेट बारे हामी छलफल गर्दैछौ । विशेषत गरी यो सामाजिक विकास मन्त्रालयको सरसर्ति हेर्दाखेरी लगभग तिन अर्ब बाह्र करोडको हाराहारीमा बजेट आएको छ र यो बजेट र यो मन्त्रालयको क्षेत्रगत यसको अधिकार क्षेत्र यसको काम कर्तव्य क्षेत्र हेर्दा ठूलो क्षेत्र यसको रहेको र बजेट अल्लि न्यून रहेको मैले महशुश गरेको छु र विशेषत गरी यो मन्त्रालयको बजेटको विषयमा बोल्दै गर्दा मलाई काहीं कतै घरमा हुने विहान विहान आमाको क्रियाकलापहरु आमाको कार्यक्रमहरु जस्तो मलाई याद आउँछ । बिहानै उठ्यो जल हाम्रो धार्मिक परम्परा अनुसार जल राख्यो अनि बालबच्चालाई खाना खुवायो स्कूल पठायो अनि सासु ससुराको स्याहार गऱ्यो अनि यस्तै गर्दै गर्दै आमाको दिन गएको थाहानै हुँदैन र  यस्सो हेऱ्यो अनि फेरी बाहिरट हेर्दा काहीं कतै काम के भयो त भन्दा ठ्याक्कै देखिने पनि छैन ठ्याक्कै फेरी के स्थिति भयो भन्दा फुर्सद पनि छैन यस्तो खालको यो मन्त्रालयको रह्यो विशेष गरी हेर्नु पर्दा यसले वृद्धको पनि कार्यक्रमहरु हेर्नुपरेको छ महिलाको पनि हेर्नुपरेको छ बालबच्चाहरुको पनि हेर्नुपरेको छ । उत्पिडित वर्ग समुदाय सबैसंग यो मन्त्रालय जोडिने विशेषत रुपमा यसको नदेखिने सारमा जनताले अनुभूति गर्ने कुरानै यो मन्त्रालयको पहिलो उ हो जस्तो मलाई लाग्छ ।हामीले व्याख्या गर्नु भन्दा पनि काहीं कतै हामी हावामा सास त लिईरहेका त छौं हावा कहाँ छ भनेर देखाउन सक्दैनौं त्यस्तै जस्तो हामी प्रत्येक नागरिकको यो क्षेत्रका नागरिकहरुले अनुभूति गर्ने कुराहरु महशुश गर्ने कुराहरुलाई यसले यो मन्त्रालयको कामले दर्शाउँछ जस्तो मलाई लाग्छ । विशेषत गरी यो मन्त्रालयको कामको शिलशिलामा धैरै कुराहरु मैले भन्नु पर्दा माननीय मन्त्री माननीयज्यूहरुले बोलिसक्नुभएको छ । यसका सबै यो हाम्रो गण्डकी प्रदेशको विकासको मापन नाप्ने एउटा यन्त्रको रुपमा पनि मैले यो मन्त्रालयलाई मैले लिएको छु किनभने यो प्रदेशको शिक्षा स्थिति कस्तो छ यो यो प्रदेशको मान्छेहरुको स्वास्थ्य अवस्था के छ यो यो मन्त्रालयको बालबच्चाहरुको अवस्था के छ यो सबै कुराहरु यो हामीले सक्दो नसक्दो हिसाबले समेट्न खोजिएको छ ।  यि  क्षेत्रहरुलाई समेटियो भने सबैको रिजल्ट आयो भने एउटा समृद्ध प्रदेश राम्रो प्रदेश गण्डकी प्रदेश हुन्छ हुने ठाउँतिर जान्छ त्यसैकारणले मैले छोटकरीमा के भन्न चाहे भने जति पनि यो मन्त्रालयले अहिले बजेटहरु विनियोजन गरेको छ सरसर्ति शिर्षक हेर्दा बिस हजार देखी न्यूनतम बिस हजार देखी लिएर आठ दश करोड तकको रकम बनाएको छ । हेर्दै धैरै मेहनत गरेको धैरै मेहनत गरेको धैरै शिर्षकहरुमा जान खोजेको सबै तह तप्का सम्म जान सकेको सबै वर्ग समुदायसंग जान खोजेको एउटा प्रयत्न गरेको त्यो हामीलाई मलाई महशुस भएको छ र यो जाने क्रममा कार्यान्वयन गर्ने कुराहरुमा अलि जटिलता छ । हाम्रो स्रोत साधन हाम्रो सबै कुरो प्राविधिक कुराहरु यो मन्त्रालयको भखरैका आफ्ना गतिविधिका कामका क्रियाकलापहरुले अप्ठ्याराहरु धैरै छन् पक्कैपनि ति ठाउँहरुमा पुगेर विशेषत गरी यो मन्त्रालयले अबको दक्ष जनशक्तिहरु उत्पादन गर्ने यी सम्बन्धित विशेष व्यक्तिहरुसंग नजिक रहेर जनताहरुसंग पुग्ने कामहरुलाई बढी महत्व दिन खोजेको जस्तो मैले महशुस गरेको छु र विशेषत गरी यो मन्त्रालय

अन्तर्गत अहिले हाम्रो क्षेत्रमा अलि जटिल रुपमा रहेको अझ अथवा नेपाल सरकारले एउटा आफूलाई नेपालको एउटा नागरिकहरुलाई नैसर्गिक अधिकारको रुपमा स्वास्थ्य र शिक्षा जुन महत्वपूर्ण कुराहरु छ यो नागरिकको नैसर्गिक अधिकारको रुपमा कानूनले यसलाई व्याख्या गरेको छ यी कुराहरुमा आलि मैले जटिलता के देखेको छु भने जति पनि अहिले शिक्षा क्षेत्रमा अथवा स्वास्थ्य क्षेत्रमा छन काहीं कतै हामी जागिर खानु पर्‍यो भने अथवा हामी कुनै रोजगार हुन पर्‍यो भने सरकारी क्षेत्र अथवा सरकारी स्कूलहरुका विद्यालयहरुमा जागिर खान रुचाउने अथवा सरकारी स्वास्थ्य क्षेत्रमा जागिर खान रुचाउने तर सेवा लिन फेरी हामी त्योबाट हामी कहीं कतै आफै विश्वस्त हुन नसकेको अवस्था हामीले हाम्रै बालबच्चाहरु अथवा जनताको बालबच्चाहरु कर्मचारीको बालबच्चाहरु सरकारी स्कूलमा पढाउन पर्‍यो भने हामी आफै विश्वास गर्न नसक्ने अथवा स्वास्थ्य सुविधा लिनु पर्‍यो भने हामीले सरकारले गरेको स्वास्थ्य सुविधामा अझ हामीले विश्वास गर्न नसक्ने जस्ता प्रवृत्तिहरु छन् अबका दिनहरुमा गण्डकी प्रदेश सरकारले अथवा यो सामाजिक विकास मन्त्रालयले अब स्वास्थ्यको क्षेत्रमा अथवा शिक्षाको क्षेत्रमा पनि सरकारका कामहरु सरकारका दिएका अफिसहरुबाट स्वास्थ्य अथवा शिक्षाका क्षेत्रहरुमा विश्वसनिय वातावरण गर्ने यो ठाउँ यो ठाउँ यो ठाउँ विश्वासिलो छ भन्ने अपनत्व गराउने कामहरु बन्ने छ भन्ने मैले विश्वास लिएको छु र विशेषत गरी यो मन्त्रालयको अझ युवा सम्बन्धी अथवा खेलकुद मन्त्रालय खेलकुदको पनि यसले जिम्मेवारी लिएको र खेलकुदको क्षेत्रमा धेरै मागहरु धेरै ठुलठुलो डिमाण्डहरु भएको भएता पनि विशेषत गरी  यसले गाउँपालिकाले सिफारिस गरेको अर्थात स्थानीय तहहरु अथवा नगरपालिकाले सिफारिस गरेकोलाई अझ खेलकुद मैदान बनाउने जुन कुरा लिएको छ अथवा रोगी गरिबीहरुको लागि यो बिमालाई अझै अझै प्रभावकारी बनाउने जुन नीति लिएको छ यो डाईलोसिस जुन मुटु रोगीहरुलाई जुन तरिकाले सस्तो सुलभ र स्थानीय रुपमै मुटु रोगलाई मुटु रोगीहरुलाई डाईलोसिस गर्ने जुन व्यवस्थाहरु गरेको छ यस्ता धैरै व्यवस्थाहरु सराहनियनै छन् । यी अरु जनताले प्रत्यक्ष अनुभूति हुने गरी जनताले मन्त्रालयमा जोडिदा खेरी अथवा जनताले जोडिदा खेरी मैले सरकारबाट यी यी कुराहरु मैले पाए भने जो रोगीहरु वृद्धहरु महिलाहरु अर्थात उत्पिडित वर्गहरु जो समुदाय मन्त्रालयसंग जोडिन्छ मन्त्रीसंग अथवा यी यो मन्त्रालयका सम्बन्धित निकायहरुमा जोडिन्छ मैले त्यहाँबाट राम्रो सेवा प्रदान पाए भने जो जनता सुखी हुन्छ त्यो जनता सुखी हुन्छ भने यो मन्त्रालयको अथवा यो प्रदेश सरकारको एउटा साख अझ माथी भएको महशुस हुन्छ भन्ने मलाई लागेको छ । विशेषत गरी यस मन्त्रालयमा अझ सांस्कृतिक कुराहरुमा पनि मठ मन्दिरहरु जस्ता कुराहरुमा पनि यसले बजेट विनियोजन गरेको देखिन्छ । विशेषत गरी हाम्रो यो धार्मिक रुपमा अलिकति हामी हामीहरु धैरै जनताहरु विश्वस्त हुने र यो ऐतिहासीक मठ मन्दिरहरु प्रति धैरै जनताहरुको माग भएको देखिन्छ र बजेट फेरी सानो बजेट भएर होला सबै ठाउँमा फुकाउन मन्त्रीज्यूलाई अप्ठेरो भएको होला मैले के अनुरोध गर्न चाहन्छु भने यस्ता मठ मन्दिरहरु आलि पुरातत्वको रुपले महत्वपूर्ण अथवा राज्यले किटान गरेका जस्ता धार्मिक संस्थाहरुलाई सबै ठाउँहरुलाई समावेशी तरिकालेनै त्यस्ता मठ मन्दिरहरुलाई पनि बजेट विनियोजन हुनेछ भन्ने मैले विश्वास गरेको छु । अन्तमा हामीहरुले धैरै कुरा अविश्वास मात्रै हैन विश्वास गर्ने र सरकारलाई यो लेगा कार्यक्रममा हुबहु कार्यान्वयन गर्ने बाटोमा हामीले सहयोग गर्नुपर्ने छ । सहयोग गर्नुपर्ने हुनेछ मैले पनि यो जुन नीति तथा कार्यक्रम भित्रको यो सामाजिक विकास मन्त्रालयको कार्यक्रम आएको छ यस प्रति शुभेच्छा व्यक्त गर्दै यो कार्यक्रमको सफलताको शुभकामना दिदै यो कार्यक्रम राम्रो छ र यलाई समर्थन गरेको म निवेदन गर्दै मेरो भनाई यही अन्त गर्छु । धन्यवाद नमस्कार ।

**माननीय सभामुख**

माननीय सदस्य श्री डोबाटे विश्वकर्मालाई  छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री डोबाटे विश्वकर्मा

सभामुख महोदय, हामी २०७६/०७७ सालको बजेटको सन्दर्भमा आज सामाजिक मन्त्रालय अन्तर्गतको छलफलमा जुटेका छम् । विशेष गरेर म हाम्रो गण्डकी प्रदेश सम्माननीय मान कुमारी गुरुङको पिता नरबहादुर गुरुङको २०००।३।११ गते स्वर्गारोहण भएकोमा वहाँको सम्झनामा हार्दिक श्रद्धा सुमन व्यक्त गर्दै वहाँको परिवार प्रति हार्दिक समवेदना प्रकट गर्न चाहन्छु र आज यो सामाजिक मन्त्रालय अन्तर्गतको छलफलमा भाग लिईरहँदा मलाई के लागिराखेको छ भने हामीले शिक्षामा सुधार गर्ने भनेका छौं स्वास्थ्यमा सिधा सुधार गर्ने कि विभिन्न खालको सुधार यसमा मानवसंग सम्बन्धित धेरै कुराहरु जोडिएको छ यो सामाजिक मन्त्रालयमा र मलाई हामीले सामाजिक यो शिक्षाको सुधारको सन्दर्भमा कुरा गरिरहँदा मलाई आज बिहानको समचारले बडा झस्कायो हिजो मत्रै हाम्रो यो अब यो रिजल्ट भयो सामुदायिक विद्यालयको र निजि विद्यालयको पाचँ पूर्ण फरक परेछ प्रथम हुनेमा यसले गर्दा हामी सप्पैको चासो र चिन्ताको विषय होकी भन्ने मलाई लाग्छ किनभने हामीले शिक्षाको सुधारको कुरा गरेका छम शिक्षाको सुधारको कुरा गर्दा हामीले यत्तिकै कागजमा सुधार मत्रै भनेर लेख्नेकी अब हामीले यसको उपायहरु खोज्नी भन्ने कुरामा अब हामीले लाग्नु पर्छकी भन्ने मलाई लाग्छ । शिक्षाको सुधारलाई अब के हो त यसको उपाय अब निजि विद्यालयमा पढेका असी परसेन्ट फस्ट हुने सामुदायिक विद्यालयमा पढेका बिस परसेन्ट मत्रै भनेसी पाँच गुणाको फरक पर्दा खेरीमा हामीले यो सुधारको मत्रै कुरा गरेर भएन यसको उपाय पनि खोज्न पर्छकी भन्ने मलाई लाग्दछ र हामीले यो शिक्षाको सन्दर्भमा कुरा गर्दा एक फेरा योजना आयोगले शिक्षा सम्बन्धी कुरा गर्दा हामीले पनि त्यहाँ कुरा गरेका थियौं । अब हामीसंग के छैन रु विद्यालयका भौतिक संरचना प्रशस्त छन्, फर्निचर छ, शिक्षक छन्, विद्यालय व्यवस्थापन समिति छन्, हामीसंग विद्यार्थी छैनन्, गुणस्तरीय शिक्षा छैन । यसको सुधारलाई के गर्ने होत भन्नि कुरालाई अबको दिनमा चासो र चिन्ताको विषय होकी भन्ने मलाई लाग्छ । त्यसकारणले अब यसलाई सुधार्नको निम्ति मेरो आफ्नो सुझाव अब यसको उपायमा अब अहिले देखिएको के छ भने हामी राजनीति गर्ने नेता जनप्रतिनीधि कर्मचारी स्वयं पढाउने शिक्षकले हाम्रा बालबालिकालाई त्यहाँ पढाउँदै नपढाउँनि अनि काहाँडि विद्यालयको सुधार हुनी अनि त्यसपछि विश्वसनिय कसरी हुनी भन्नि कुरामा जटिल आएको छ । अब विद्यालयमा पढाउने शिक्षकहरु सर्र मोटरसाईकलमा लिएर जानुहुन्छ र विद्यार्थी आफ्नो बच्चालाई बोर्डिङमा लगेर छोड्नुहुन्छ अनि आफू सरकारी विद्यालय जानुहुन्छ ।त्यहाँ टोल टोलमा अहिले मजदुरहरुले बालबालिकाले पढ्दिए भने त्यो विद्यालय चल्यो नत्र भने विद्यालय बन्द हुने अवस्थामा छ त्यसको उपाय त खोज्न पर्ने होला अब हाम्ले त्यसको निम्ति अब हाम्ले हामी राजनीति गर्ने जनप्रतिनीधिले पनि कमसेकम अनिवार्य सरकारी विद्यालयमा पढाउन पर्ने होकी कर्मचारीहरुले पनि त्यो भूमिका निर्वाह गर्न हुनत अब हाम्रो शिक्षकको मौलिक हकले त्यो आफ्नो अधिकारको कुरा पनि हो तर त्यो जबरजस्तिको कुरा गर्न हुन्न कमसेकम नीति बनाउन पर्ने होकी मलाई लाग्छ र शिक्षकले पनि अनिवार्य रुपबाट सरकारी विद्यालय पढाउन पर्ने होकी र आर्को कुरा अब पेन्सन पाकीसक्या छ अब विषयसंग नेपालीको विषय पनि छैन आर्को विषयसंग पनि जोडिएको छैन मात्रै शिक्षक भएका कारणले पेन्सिन पाक्दानी सधैं त्यो विद्यालयमा बसीरहन पर्नि र उसले पेन्सनमा निस्कनै नपर्नि अब यसरी शैक्षिकको सुधार कसरी होला त्यसले गर्दा खेरीया पनि अब हामीले त्यतातिर सोच्ने अब नयाँ जेनेरेशन ल्याएर कमसेकम वहाँहरुलाई सम्मान साथ विदाई गरेर पेन्सनमा हटाईदिएर कमसेकम त्यो ढङ्गतिरट जान सकियो भने बल्ल शिक्षाको सुधार होला भन्ने मलाई लाग्दछ यो कुरा मैले यत्तिनै राखे र आर्को यो वहाँले जब सम्म यो दश पेज र पैतिस सय सतचालिस बाट सैतिस सय सतहत्तर सम्म दुई सय एकतिस पेजमा यो आको छ र यसमा विभिन्न खालका कुराहरु आएका छन् र यी मध्येमा मैले दुई पैतिस सय चौहत्तरमा यो दलित लक्ष्यित विपन्नलाई अभिभावक विहीनहरुलाई पनि सम्झनि भन्नि कुरा आको छ यसमा अब अब यी अभिभावक विहिन भाका विद्यार्थीहरु हुन अब हाम्ले आवाशिय विद्यालयको व्यवस्था गरेर बरु एकठाममा गरेर तिनीहरुलाई पढाउन सकियो र तिनीहरुलाई बस्नी पनि पढाउनेनि गर्न सकियो भने बल्ल तिनीहरुको सुरक्षित भविष्य होला

भन्नि मलाई लाग्दछ र आर्को अब जस्तो अब मुख्य मन्त्री उच्च शिक्षा सम्बन्धी जुन अब छात्रवृत्तिको कुरा छ एमविविएस पढनेहरुको लागि यसमा कति विश्वास हो भन्ने कुरा क्लियर भैदिएको भए हुन्थियो कतिजानाले पाउँने हो एक वर्षमा अथवा यो हैन यत्तिनै भन्ने छ की  जत्तिलेनि भोर्दा खेरीया हुनी हो की यसको लागि पनि अल्ली क्लियर भैदिएको भए हुन्थ्यो भन्ने मलाई लाग्दछ र यो सभ्यता सभ्यता अध्ययन भनिएको छ यसमा असाध्यै धेरै बजेट भयो यो के को अध्ययनको लागि हो यलाई अझै अघि पनि कुरा उठ्यो यो बजेटमा असाध्यै यो केकेको लागि हो सभ्यता अध्ययन भन्ने कुरा आली क्लियर भएर आईदियोकी यी यी कुरामा  भैदिए हुनेथियो नत्रभने यो अमूर्त  ढङ्गबाट आयोकी भन्ने मलाई लाग्दछ ।आर्को यो प्लम्बर तालिम भनिएको छ यो तालिमहरुमा यो दुईटा शिर्षकमा डबलिएको होकी अथवा त्यो अब त्यो हैन कम्प्युटर मिस्टेक भाको अथवा दुई तिन ठाममा आयो यो डुब्लिकेशन भाको जस्तो देखिन्छ यलाई पनि अब सुधार्न पर्ने होकी भन्ने परिन्छ । यो अन्य तालिमहरुमा बजेट असाध्यै धेरै देखिएको छ शिक्षाको तालिम विभिन्न तालिम असाध्यै धेरै बजेटहरु यो कारणले गर्दाखेरी के भन्देखी तालिमहरुमा हुनत हामीले अब क्षमता अभिवृद्धि गर्नको निम्ति हामीले तालिमहरु आवश्यकता छ तर के भन्दा तालिमको नामबाट एउडा हाम्रो अहिले सम्म विगतमा देखिएका अनुभवहरु के छ भने तालिमको नाममा हामीले कागज र डकुमेन्ट मिलाएर मात्रै हाम्ले पैसा खर्च गर्ने र तालिम यथार्थमा नहुने खालका वातावरण सिर्जना भाका छन् तेले गर्दा खेरीमा यी बजेटहरुमा असाध्यै धेरै तालिम र अब यो मन्त्रालयको तजबिजबाट खर्च हुनी भा कारणले त्यतातिर कतै अनियमितता हुन्छकी भन्ने खालको आशंका उब्जाएको छ तेल्ले गर्दा यलाई पनि सोच्न पर्नि भन्नि मलाई लाग्दछ । आर्को मैले यो बुझ्न नसकेको कुरा म अब यो अलमलिएकी अथवा त्यो लेख्दा खेरिमा भुल भएको होकी अथवा त्यो सत्य के हो यो ३७३१नम्बर बुदाँमा यो कर्णाली प्रदेश र सुर्खेतमा के भछ को उसमा नयाँ नयाँ यो पुल स्थापना गर्नि  भनेको छ यसमा कोलस्टोर स्थापना गर्नि भनेको छ कोलस्टोर गर्नको लागि नयाँ भवन निर्माण गर्नको लागि रु. २४ करोड होकी कति पैसा भनेर छुट्टिएको छ त्यो कताडि आको यो सुर्खेतको यो कर्णाली प्रदेश कर्णाली प्रदेश र सुर्खेत भनेको काहाँबाड आयो यो मैले अब यो कति छ भने यसको ३७३१ नम्बर बुदाँमा यो छ काहाँबाट यो कसरी आयो  हाम्रो यो गण्डकी प्रदेशमा यो कर्णाली प्रदेशको कसरी आको हो यसलाई आलि क्लियर गर्दिनको लागि म आग्रह गर्न चाहन्छु भने आर्को छ फेरी आर्को ३७६५ मा छ यो फेरी माहाकाली, सेती, धौलागिरी, जनकपुर र हेटुडा भनेर यसमा जोडिएको छ यसको पनि मैले केही बुझ्न सकिन यलाई पनि आलि आलि क्लियर पार्दिनु भयो भने सजिलो हुन्थ्यो मैले यो बुझ्न सकिनकि यसको अर्थ थियोकि अथवा लेख्दा मिस्टेक भाको त्यो कुरालाई पनि मैले आग्रह गर्न चाहे आर्को कुरा हाम्ले प्रत्येक गाउँपालिकामा नगरपालिकामा गाउँपालिका र नगरपालिकामा हामीले पचास वटा र पच्चिस वेडको हस्पिटल भनिएको छ विशेष गरेर तनहुँको दमौली हस्पिटल अहिले पनि धेरै अप्ठेरो अवस्थामा छ त्यसले गर्दा एउडा तनहुँ गोरखाको दक्षिणी भेग र अब यो गोरखाको पश्चिम भेग र लमजुङको दक्षिणी भेग यो क्षेत्रका मान्छे पनि आएर त्यहाँ उपचार गर्ने ठाम भा कारणले त्यहाँ डाईलोसिसको कुरा छ तथापी त्यसलाई पचास वेडको बनाउनको लागि पनि हामीले प्रकृया अगाडि बढाएर बजेटको व्यवस्था भैदिए हुन्थ्यो भन्नि मलाई लाग्दछ र आर्को यो जुन अवण्डा बजेट कुरा यहाँ धेरै चर्चा परिचर्चा चलेको छ यो अवण्डा बजेटको निम्ति पनि कमसेकम आगामी दिनमा गतसालको जस्तो अब फेरी कमि कमजोरी नभैकन एउडा सम्मानजनक ढङ्गबाट वितरण गर्नको लागि पनि मैले हामीले आग्रह गर्न चाहन्छु किनभने हामीले पटक पटक भनेम यो अवण्डा बजेटलाई एउडा क्लियर ढङ्गबाट आओस भनेर त्यो पुरा हुन सकेन र आर्को कुरा हाम्रो संविधानमा भएको भएको व्यवस्था अनुसारबाट दलित विद्यार्थीहरुलाई उच्च शिक्षा सम्म निशुल्क पढाउने भनिएको छ यो यसपालिको बजेटले तेल्लाई सम्बोधन गर्न सकेनकी भन्ने मलाई लाग्दछ त्यो कुरालाई पनि अब ध्यान दिनको लागि म आग्रह गर्न चाहन्छु। तो जुन युवा लक्ष्यित कार्यक्रम छ यो ज्यादै राम्रो छ। धेरै युवाहरु बेरोजगार हुनुहुन्छ र वहाँहरुले एउडा रोजगारीको अवस्था सिर्जना गर्न पर्नि छ। वहाँहरुलाई अहिल्यै नै गर्नु छ तर अहिले प्रधानमन्त्री युवा स्वरोजगार कार्यक्रम जस्तो

पहेलो टोपी र मकैबारीमा खनेर मत्रै तेले समस्याको समाधान हुनिहोकी कमसेकम वहाँहरुलाई एउटा रोजगारी र उद्योगका अवस्थाहरु सिर्जना गर्नि हो त्यो कुरा पनि अगाडि बढ्यो भने बल्ल कमसेकम हाम्रो यो प्रदेशको जुन सोचेको कल्पना हो त्यो कल्पना पुरा हुन्थ्यो भन्नि अनुरोध गर्दै मेरा भनाई अन्त्य गर्छु। धन्यवाद जयनेपाल।

## माननीय सभामुख

माननीय सदस्य श्री मोहन प्रसाद रेग्मीलाई  छलफलमा भाग लिन समय दिन्छु ।

**माननीय श्री मोहन प्रसाद रेग्मी**

माननीय सभामुखज्यू, विनियोजन विधेयक २०७६को सामाजिक विकास मन्त्रालय अन्तर्गत विभिन्न शिर्षकको सन्दर्भमा यो छलफलको क्रममा छौ । अहिले हामी सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र यसको व्यापक छ र धैरै विषयहरु चर्चा पनि भैसकेका छन् र म सबै महिला बालबालिका लगायत सम्पूर्ण क्षेत्रका धैरै विषयहरु उठेका छन् स्वास्थ्य  सम्बन्धि विषय पनि उठेको छ । शिक्षा युवा खेलकुद सबै विषय समेटिएको छ र समग्रमा सबैलाई विषयलाई समेटेर बजेट विनियोजित भएको छ र यो बजेट विनियोजित गर्ने क्रममा यसको आवश्यकतालाई र यसको औचित्यलाई पनि हामीले छलफलको विषय बनाउने गरेका छौ । विशेष गरेर शिक्षाको क्षेत्रमा एउटा प्राविधिक र व्यवसायिक शिक्षाको लाई जोड दिदै  अहिलेको संविधानले निर्दिष्ट गरेको अर्थात संविधानले उल्लेख गरेको शिक्षाको दायित्व जिम्मेवारीका बिचबाट हाम्रो प्रदेशले यो शिक्षाको क्षेत्रमा गर्नपर्ने काम वा हाम्रो भूमिकालाई कसैरी निर्वाह गर्ने भनेर प्राविधिक शिक्षामा जोड दिने भनेर एउटा सहजिकरण गर्दै सहयोगिको भूमिका निर्वाह गर्दै अगाडि आएको र त्यसले केही सकारात्मक सन्देशहरु विद्यालयहरुमा क्याम्पसहरुमा गएको कुरा यहाँहरुको बिचमा म राख्न चाहन्छु र अहिले यसले वैज्ञानिक वा प्राविधिक शिक्षा र व्यवसायिक शिक्षामा जोड दिदै विशेष गरेर सामुदायिक विद्यालयबाट विस्थापित हुने अर्थात गाउँबाट विस्थापित हुने गाउँ खालि हुने परिस्थितिलाई पनि शैक्षिक क्षेत्रलाई पनि त्यसलाई स्थापित गर्नको लागि कम्तिमा एउटा क्षेत्रमा एउटा आदर्श विद्यालय नमुना विद्यालयको व्यवस्थापन गर्न र शिक्षालाई सामुदायिक विद्यालयको शिक्षालाई जोड दिने जुन खालको योजना अगाडि सारेको छ बजेट विनियोजित गरेको छ यो सकारात्मक सन्देश दिएको छ अहिले सामुदायिक क्याम्पसहरु धैरै अप्ठ्यारोमा परेका छन् र ति सामुदायिक क्याम्पसहलाई र नेपाल सरकार वा संघिय सरकारले आङ्गिक क्याम्पसको रुपमा पनि सहयोग नगरेको अवस्थामा आफ्नै साधन र स्रोतबाट संचालन हुनुपर्ने अवस्थामा अहिले यसले यो बजेटले सामुदायिक क्याम्पसको स्तर उन्नति गर्ने जुन खालको सम्बोधन गरेको छ यसले समुदायमा राम्रो प्रभाव पार्न सक्छ र ति क्याम्पसहरुको सरकारी क्याम्पस वा सामुदायिक क्याम्पसको आकर्षण बढ्नेछ भन्ने मैले महशुश गरेको छु । त्यसैले गण्डकी प्राविधिक प्रतिष्ठान गण्डकी विश्वविद्यालय जस्ता महत्वपूर्ण हाम्रै प्रदेशको स्वामित्व हुने गरी योजना अगाडि सारेको छ । यद्यपि यो भौतिक योजना अथवा भौतिक पूर्वाधारसंग पनि जोडिएको र यसलाई संस्थागत ढङ्गले लैजाने जुन खालको परिपाटी वा त्यसको एउटा बजेटमा पनि विनियोजित गरेर जाने खालको व्यवस्थापन गरेको छ यो सामाजिक विकास मन्त्रालयले यो सकारात्मक कुरा हो । युवा तथा खेलकुदको सन्दर्भमा भन्नु पर्दा अहिले संघियता खेलकुदमा लागू भाको छैन भन्ने महशुश भाको छ । अहिले पनि खेलकुद विकास समितिहरु अथवा यसको संरचनाको सन्दर्भमा ऐन बनाएर आउने होकी के गर्ने हो थाछैन अहिले पनि संघियता लागू भाको छैन र म सभामुख माननीय सभामुख मार्फत म आग्रह गर्न चाहन्छु अनुरोध गर्न चाहन्छु संघियता लागू गर्ने कुरामा खेलकुदलाई पनि संघियता लागू गर्ने गरी सम्बन्धित निकायको ध्यान आकर्षण गर्न चाहन्छु । मैले यसो भनिरहँदा हामीले खेलकुद प्रतिष्ठान प्रदेशको खेलकुद प्रतिष्ठानको जुन अवधारणा अगाडि सारेका छौ प्रतिष्ठान हुन त हामीले ऐन बनाउँदा खेरी त्यसलाई सम्बोधन गरौला प्रतिष्ठान र खेलकुदका सांगठानिक गतिविधी संरचनामा अलि भिन्नता हुन सक्छ । प्रतिष्ठान स्वयंम आफैमा एउटा प्रशिक्षण दिने खेलमा आकर्षण गर्ने र योग्यतम खेलाडि

उत्पादन गर्ने शारिरिक मानसिक र संवेदनात्मक ढङ्गले विकास गर्ने खालको मात्रै बन्ने भन्दा पनि यसको सांगठनिक संरचनालाई पनि संगै लैजानु पर्छ र यसलाई हामीले व्यवस्थापन गर्नुपर्छ यो एउटा राम्रो पक्ष आएको छ र सांगठनिक संरचनाभित्र त्यसको लागि पनि बजेट विनियोजित गरेर व्यवस्थापन गर्ने कुरामा ध्यान आकर्षण गर्न चाहन्छु खेलाडी प्रोत्साहित गर्ने प्रशिक्षणलाई प्रशिक्षकहरुलाई प्रोत्साहित गर्ने सम्मान गर्ने खालको जुन नीति अगाडी सारेको छ बजेट विनियोजित गरेको छ यसले खेल क्षेत्रमा लाग्नेहरुलाई उत्साहित बनाएको छ र राष्ट्रिय गौरब कायम गर्ने यो प्रदेशका खेलाडीहरु राष्ट्रिय गौरब कायम गर्ने खेलाडीहरुलाई सम्मान गर्ने पूर्व खेलाडिहरुलाई सम्मान गर्ने र खेल क्षेत्रमा आकर्षण गर्ने खेल क्षेत्रमा लाग्नेहरु निरन्तर खेलमा लाग्नेहरुको भविष्य सुनिश्चित हुन्छ भने रोजगारका सवालहरुमा पनि ध्यान आकर्षण हुन सक्छ यसैले युवा लक्ष्यित कार्यक्रम र खेलकुदका कार्यक्रमले स्वरोजगार र रोजगारका अवसरहरु सिर्जना गर्ने क्षमता अभिवृद्धि गर्ने विकृति र विसंगतिका विरुद्ध सचेतनामूलक अभियान संचालन गर्ने र सिपमूलक क्षमता अभिवृद्धि गर्ने जुन खालको बजेट विनियोजित गरिएको छ यसले यो बास्केटमै किन नहोस् कुन खेलाडि कुन खेलमा सम्मान गर्नुपर्ने हो कति सम्मान गर्नुपर्ने हो त्यो अहिले किटान गर्न नसक्ने जस्ता विषयहरु पनि छन् प्रशिक्षण दिने विषयहरु पनि त्यस्तै बन्छन् त्यसैले यलाई बास्केटमा आएको भएपनि यो ठीक ढङ्गले कार्यान्वयन हुनुपर्छ र सवाल के हो भने कार्यान्वयनको पक्षमा हाम्रो ध्यान आकर्षण हुनुपर्छ । ठीक ढङ्गले कार्यान्वयन हुनुपर्छ र युवा र खेलकुदको क्षेत्रमा यसले आफूलाई यो प्रदेशको सबै क्षेत्रलाई समेट्ने गरी समानुपातिक ढङ्गले यसको व्यवस्थापन गर्ने ढङ्गले सरकारले यसलाई कार्यान्वयन गर्नेछ। सम्बन्धित मन्त्रालयले कार्यान्वयन गर्नेछ भन्ने कुरामा म मैले विश्वास राख्न चाहन्छु। स्वास्थ्यको क्षेत्रमा पनि त्यस्तै समस्या देखिएको छ विशेष गरेर प्रदेशका ठूला र महत्वपूर्ण हस्पिटलहरु निर्माण गर्ने कुरा जिल्ला हस्पिटललाई व्यवस्थापन गर्ने कुरा र मृगौलाको डाईलोसिस गर्ने कुरादेखी लिएर अहिले पनि हामीले हेरेका छौ त्यो जुन खालको सकारात्मक शन्देश दिने गरी बजेट विनियोजित भएको छ। स्वास्थ्य क्षेत्रमा ध्यान आकर्षण भएको छ । प्रदेशले आफ्नो बजेट विनियोजित गरेको छ। यति मात्र होईन अहिले सामुदायिक हस्पिटलहरुले पनि अपेक्षा गरेका छन्। सामुदायिक हस्पिटलहरु प्रदेश मातहत संचालन गर्ने प्रदेशले आफ्नो अपनत्व लिएर संचालन गरे हुन्थ्यो भन्ने ढङ्गले प्रस्ताव आएका छन्। उनिहरुलाई व्यवस्थापन गर्ने सन्दर्भमा पनि हामीले के गर्न सक्छौ भन्ने कुरामा पनि व्यवस्थापन गरेर लैजाने हो भने स्वास्थ्य क्षेत्रमा धेरै कामहरु गर्न सक्ने अवस्था छन्। अब मैले उठाउन खोजेको विषय के हो भने अहिले स्थानीय तहबाट पनि हस्पिटल संचालन गर्ने स्थानीय तहसंग सहकार्य गरेर हस्पिटल संचालन गर्ने भनेर हामीले जग्गा खरिद गरेका छौ। पब्लिकले जग्गा खरिद गरेका छन् र त्यसको संघले वा प्रदेशले गर्ने भन्ने विषयमा अलमल भएर कार्यान्वयन हुन सकिरहेको छैन त्यसैले म प्रदेश मार्फत यो सदन मार्फत सभामुख मार्फत म के अनुरोध गर्न चाहन्छु भने हामीले स्वास्थ्य क्षेत्रमा पनि व्यवस्थापन गर्ने कुरामा सम्बन्धित क्षेत्रको ध्यान आकर्षण गर्दै आधारभूत तहमा स्वास्थ्य पुर्याउने अनि जिबन स्वास्थ्य जिबन निर्वाह गर्नको लागि जनताले प्रत्यक्ष लाभान्वित हुने गरी त्यसको योजना र कार्यान्वयन हुनुपर्छ भन्ने सन्दर्भमा पनि यो प्रदेशको जुन ध्यान आकर्षण भएको छ यसले मलाई लाग्छ हामी यो प्रदेशको समृद्धि र विकास यो प्रदेशको मा विनियोजित भएको आर्थिक बजेट अथवा बजेट र त्यो बजेटले समेट्न सक्ने गरी जुन खालको योजनाहरु अगाडी आएका छन् बजेट विनियोजित भएको छ र म यो बजेट प्रति पूर्ण समर्थन गर्दै जुन खालका योजनाहरु अगाडी सारिएका छन् चाहे त्यो बास्केटमा होस चाहे तोकिएका योजनाहरु हुन् यी सबैलाई ठीक ढङ्गले कार्यान्वयन गर्न सक्यौ भने यो सामाजिक विकास मन्त्रालयले अगाडी सारेका बजेट विनियोजित गरेको जुन योजना छ यसले यो प्रदेशको समृद्धिमा एउटा महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ भन्ने आफ्नो भनाई राख्दै म यहाँबाट बिदा हुन चाहन्छु । धन्यवाद अभिवादन ।

## माननीय सभामुख

माननीय सदस्य श्री आशा कोईरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

## माननीय श्री आशा कोईराला

माननीय सभामुख महोदय, सामाजिक विकास मन्त्रालय अन्तर्गतको विनियोजन शिर्षकमा हामी छलफल गरीरहेका छौ । यो मन्त्रालय गर्भदेखी मृत्यु सम्म कुनै पनि मान्छेको जिवन चक्र गर्भदेखी मृत्यु सम्मको अवधिलाई समेटेर यो मन्त्रालयको कार्यक्षेत्र तोकिएको छ त्यसकारण पनि असाध्यै ठूलो छ गहन छ र महत्वपूर्ण छ । यो यसकारण जसरी योजनाहरु विनियोजन भएका छन् सबै शिर्षकमा सबै क्षेत्रहरु समेटेका योजनाहरु अत्यन्त राम्रा छन् र प्रभावकारी छन् म त्यसको पूर्ण समर्थन गर्न चाहन्छु। अहिले धेरै माननीयज्यूहरुले आफ्ना कुराहरु राख्दै गर्दा सबै कुराहरु त्यसमा परेका छन्। त्यसकारण म यो बजेटको विशेषताको बारेमा त्यति धेरै जान्न केही सुझावहरु मेरा छन् ति सुझावहरु म प्रस्तुत गर्न चाहन्छु । सबै भन्दा पहिले स्वास्थ्यको क्षेत्रमा यो स्वास्थ्य बिमा कार्यक्रम अहिले धेरैतिर टिप्पणीको विषय बनेको छकी हस्पिटलहरुमा जादाँखेरी सरकारी हस्पिटलले समेत स्वास्थ्य बिमाका बिरामीहरुलाई छुट्टै व्यवहार गरेको छ भन्ने कुरो जनताको गुनासो सुनिएको छ । यो गुनासोलाई हल गर्नेगरी यो बिमा सम्बन्धि कार्यक्रम कार्यान्वयन होस अर्को हामीले एयर लिफ्टिङको सुविधा दिने गर्भवति सुत्केरी हुन लागेका महिलाहरुको लागि भनेका छौ यसको अल्लि ग्रामिण क्षेत्रमा प्रचार पुगेको छैन। अलिकति राम्रोसंग सार्बजनिक जानकारीको लागि सूचनाहरु प्रसारण गरियोस यो अनुरोध गर्न चाहन्छु। यो प्राथमिक स्वास्थ्य केन्द्रहरुको पूर्वाधार विकासको लागि दश लाख बजेट विनियोजन गरीएको रहेछ एघारवटा जिल्लामा दश लाख रुपैयाँ विनियोजन गर्दाखेरी यो महत्वपूर्ण प्राथमिक स्वास्थ्य केन्द्रहरु अहिले गाउँ गाउँमा धेरै ठाउँहरुमा हरेक गाउँमा आवश्यक पर्न जान्छन् त्यसकारण यसलाई अलि बढी प्राथमिकता दिनपर्ने मैले अनुभूति गरेको छु र जहाँ सम्म तनहुँ जिल्लाको शुक्ला गण्डकी नगरपालिकामा रहेको पहिला फुलबारी सामुदायिक अस्पतालको रुपमा चिनिने त्यहाँको स्थानीयवासीहरुले स्थापना गरेको हस्पिटललाई २०७४ सालको असोज कार्तिक महिनामा हामीले नेपाल सरकारलाई हस्तानान्तरण गरेका थियौ। त्यो हस्पिटल सरकारमा हस्तानान्तरण भैसके पछी चलिरहेको हस्पिटल एकाएक बन्द भयो। १५ बेडको हस्पिटलको रुपमा सबै पूर्वाधार पुगेको त्यो हस्पिटल हामीले संचालन गरीराका थियौ त्यसपछी धेरै समय बन्द भएपछी अहिले नगरपालिकाले एकजना विशेषज्ञ डाक्टर सहित केही आधारभूत व्यवस्थापन गरेको छ। यो हस्पिटललाई राम्रोसंग संचालन गर्नको लागि प्रदेश सरकारको अत्यन्त जरुरी आवश्यकता परेको छ सहयोगको त्यसकारण यहाँ कमसेकम केही डाक्टरहरु सहितका सेवाहरु त्यो हस्पिटलमा पुर्याईयोस मैले मन्त्रीज्यूलाई यो भन्दा अगाडि पनि राखेको छु । फेरी पनि म यसको ध्यान आकर्षण गराउन चाहन्छु र जहाँ सम्म विशिष्टिकृत हस्पिटल स्थापना गर्ने गण्डकी प्रदेशको हाम्रो मुटु मृगौला क्यान्सर लगायतको उपचारको भनिएको छ त्यसको लागि अहिले सम्म ठाउँहरु किटान हुन नसकेको र यो अध्ययनको चरणमा रहेको र डिपिआर गर्ने पनि योजना रहेको हुनाले म के आग्रह गर्न चाहन्छु भने लगभग आज भन्दा सात वर्ष अगाडी तनहुँको शुक्लागण्डकीकै बेलचौतारामा रहेको जिपि कोईराला श्वास प्रश्वास केन्द्र त्यो पनि त्यहाँ स्थानीयले निर्माण गरेको सेती गङ्गा सामुदायिक हस्पिटल त्यो सरकारलाई हस्तानान्तरण गरिसकेपछी जिपि कोईराला हस्पिटलको रुपमा नेपाल सरकारले संचालन गर्ने गरी त्यो विकास भयो स्थापना भयो तर त्यसको सेवा प्रभावकारी हुन सकेको छैन । केन्द्रिय अस्पतालको रुपमा त्यसले सेवा प्रवाह गर्न नसकेको सामुदायिक हस्पिटलबाट धेरै राम्रो अपग्रेड हुन पनि नसकेको हुदाँ म के आग्रह गर्न चाहन्छु भने मुटु मृगौला क्यान्सर साथसाथै उप त्यो श्वास प्रश्वास केन्द्रको रुपमा पनि एज ईटिज राख्ने गरी यतातर्फ अध्ययन गर्न र नेपाल सरकारसंग जग्गा प्राप्ति लगायत हस्पिटलको विषयमा सोचेर यो प्रदेशको गौरबको योजनामा समावेश गर्न त्यतातर्फ ध्यान दिन म हार्दिक अनुरोध गर्न चाहन्छु । शिक्षाको क्षेत्रमा गण्डकी युनिभर्सिटीको जुन निर्णय भएको छ सेटलाईट सिटीको रुपमा रहेको शुक्लागण्डकीमा यसको अब निर्माणको लागि पनि बजेट विनियोजन गरेको छ त्यसको लागि म सरकारलाई धन्यवाद दिन चाहन्छु अब शिक्षा क्षेत्रमा म के भन्न चाहन्छु भने सफ्टवयरका कार्यक्रमहरुमा धेरै बजेटहरु केन्द्रित भए त्यति धेरै बजेटहरु सफ्टवयरमा जादाँखेरी हाम्रा हार्डवयरका कार्यक्रमहरु प्रभावित भए जसले गर्दा हामीले परिणाम प्राप्त गर्न सकेका छैनौ । हिजो

मात्रै सामुदायिक विद्यालयको हिजो मात्रै एसईईको परीक्षाको रिजल्ट आएको छ र सामुदायिक विद्यालय नीजि विद्यालयहरु भन्दा अलिकति कमजोर भयो त्यसको हामीले परिणाम सुनिसकेका छौ । त्यसकारण म के भन्न चाहन्छु भने त्यसको साथसाथै अर्कोतिर हाम्रो सरकारी विद्यालय जुन छ पहिला हामीले नीजि विद्यालय र सरकारी विद्यालयले दुईथरी विद्यार्थीहरु उत्पादन गरे जनशक्ति उत्पादन गरे भन्थ्यौ तर अहिले सार्वजनिक विद्यालयनै सरकारी विद्यालयलेनै दुईथरी विद्यार्थीहरु जनशक्तिहरु उत्पादन गर्ने बाध्यता सिर्जना भयो र त्यही अवस्थामा अहिले हाम्रा विद्यालयहरु क्रियाशिल छन्। अंग्रेजी माध्यम र नेपाली माध्यम दुईटै माध्यमबाट विद्यालयमा पढाई हुन्छ पैसा तिर्न सक्ने अंग्रेजी माध्यममा पढ्छन् नसक्ने नेपाली माध्यममा पढ्छन् त्यही पनि विभेद भएको छ। त्यसकारण म के भन्छु भने यतातिरको यो सफ्टवयरका बजेटहरु बरु केही समयको लागि कटाएर हामीले यो उपयुक्त वातावरणहरु तयार गर्ने विषयगत कक्षागत शिक्षकहरुको व्यवस्था गर्ने दरबन्दीको व्यवस्था गर्ने भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने अरु अनुकुल वातावरणहरु तयार गरेर आवश्यक जनशक्तिको व्यवस्थापन गरेर यतातिर जोड दिन पर्छ भन्ने कुरामा मलाई असाध्यै धेरै लागिरहेको र मेरो हामीले त्यो स्रोत र जनशक्ति व्यवस्थापन गर्न सक्यौ भने सामुदायिक विद्यालयले धेरै राम्रो परिणाम प्राप्त गर्न सक्ने हामीले महशुश गरेका छौ। त्यस्तै गरेर सामाजिक विकासको क्षेत्रमा यो दिवशहरु संचालन गरेर मनाउने बारे सबै मन्त्रालयका कार्यक्रमहरु त आएका छन्। यो धेरै समयदेखी हामीले सुनिरहेको कुरा हो तर मलाई पहिला देखीनै असजिलो लाग्यो मैले आफ्नै आफैले अधिकार प्राप्त गर्दाखेरी गर्ने कोशिश गरीरहेको विषयहरु त्यति बेला सम्भव भएनन् अहिले म यो मन्त्रालयलाई र विशेष गरेर मन्त्रीज्यूलाई  सभामुख मार्फत के आग्रह गर्न चाहन्छु भने हाम्रा दिवशहरु विश्व एड्स दिवश मनाउने अथवा कण्डम दिवश मनाउने उदाहरणको लागि हामीले यो योजनामा पारेका छौ। दिवश भनेको के को लागि मनाउने हरेक कुराको सकारात्मक परिणाम दिएका कुराहरुलाई सकारात्मक शन्देश प्रवाह गर्ने उद्देश्यले हामीले दिवश मनाउने हो। कित एड्स निवारण दिवश हुन पर्यो हामीले मनाउने होईन भने विश्व एड्स दिवश एड्स लागेको उपलक्ष्यमा दिवश मनाउने होरु यस्तो खालको कुराहरु नेपाल सरकारका पनि कमजोरी छन् र हाम्रो प्रदेश सरकार र सबै ठाउँमा यो कमजोरी छन् परम्परागत रुपमा हामीले यो मनाउँदै आएका छौ। अर्को कुरा कण्डम दिवश कन्ट्रासेप्टिकसहरु धेरै छन् के सबैको दिवश मनाएर साध्य लाग्छ त के हामी कम्पनिको दिवश मनाउने होकी अथवा परिवार नियोजनको लागि जनतालाई सचेत गर्नको लागि सचेतना जगाउने हो भने त्यही खालको कार्यक्रम हुन पर्यो। मलाई कार्यक्रमहरु गरिरहँदा पनि अलिकति असजिलो लाग्ने अफसोच लाग्ने कामहरु हामीले हेरीराका छौ। कण्डम फुकेर झण्डा जस्तै गरेर लिएर हिडिरहँदा खेरी त्यस्तो दिवश मनाउनुले हाम्रो समाजलाई के शन्देश जान्छ र बरु बच्चाहरुमा नकारात्मक असर परेको मैले देखेको छु। यस्ता कार्यक्रमहरु परम्परागत रुपमा मनाउँदै आएका कार्यक्रमहरु हुन् यिनीहरुलाई अलिकति छलफल गरेर आवश्यक निर्णय लिनुपर्छकि मलाई यो लाग्छ। मैले यतातर्फ ध्यान आकर्षण गराउन चाहन्छु । त्यसपछी एकल महिला संरक्षण कार्यक्रम भनेर लेखिएको रहेछ एकल महिलाहरुलाई सहयोग गर्ने उनीहरुको जिबनलाई सहज बनाउने कुरा आत्मनिर्भर बनाउने कुरा यो असाध्यै राम्रो सोचका साथ उद्देश्यका साथ यो कार्यक्रम आएको छ तर मलाई के लाग्छ भने संरक्षण भनेको त्यस्तो संरक्षण महिलाहरुको लागि एकल महिलाको लागि संरक्षण गर्ने भन्ने शब्द त्यति सान्दर्भिक प्यारो र उपयोगि शब्द होईन भन्ने लाग्छ । एकल महिलाको लागि सहयोग कार्यक्रम हुन सक्छ बरु सुरक्षा कर्यक्रम हुन सक्छ अर्को कुनै शब्द हुन सक्छ वँहाहरुलाई आत्मनिर्भर बनाउने उद्देश्यले सम्मानजनक जिबन बिताउन समाजमा एडजस्ट गर्ने हिसाबले त्यस कारणले यो  संरक्षण कार्यक्रम फेर्नुपर्छकि भन्ने यो शब्द मलाई लागिरहेको छ र मैले यहाँ प्रस्तुत गरेको छु र आर्को कुरा एकल महिलालाई संरक्षण गर्ने भन्ने बित्तिकै सधैभरी एकल भैरहेर हो यो एकल महिला राम्रो कुरा हो भनेर जोगाएर राख्न चाहेको त होईन हामीले एकल महिलाको जिबनलाईनि सहज बनाउने र उनीहरुलाई बरु आवश्यकता चाहना अनुसार उनीहरुलाई बरु पुर्नविवाहको लागि उत्प्रेरित गर्न सक्छौ अन्य कुनै ढङ्गले व्यवस्थापन गर्न सक्छौ त्यतातिर अलिकति रचनात्मक ढङ्गले सोच्नको लागि म आग्रह गर्न चाहन्छु । अर्को हामीले

परम्परागत रुपमा हिंसापिडित महिलाहरुको लागि हामीले आश्रय स्थलहरु बनाउँछौ त्यो आश्रय स्थलहरुमा हामीले हिंसा पिडितहरुलाई ल्याउँछौ तर पिडकहरु घरमा बस्ने वहाँहरुको अधिकार सधैभरी संरक्षण भैरहने पिडकहरुले सामाजिक सम्मान पाईरहने तर जो पिडित छ यसै पनि पिडित भएको छ उ परिवारबाट पनि विस्थापित हुने घर छोडेर बाहिर पनि जानुपर्ने भोलि पनि त्यही आश्रममा बसिरहने हुदाँखेरी उसको घर परिवार समाजसंग उसको समाजसंगको सम्बन्ध टुट्ने र फेरी उसले एकल खालको जिबन पनि बिताउनु पर्ने त्यस अधिकारबाट पनि बञ्चित हुने भाको हुनाले अब हिंसा पिडितलाई आवश्यक घरमा व्यवस्थापन गरेर हिंसा गर्नेलाई कारबाही गर्ने ढङ्गले योजना ल्याउनु पर्छ भन्ने मैले सोचेको छु । अर्को कुरा ९ माननीय सभामुख - माननीय सदस्य समय सकियो ० एउटा मात्रै मिस्टेक मैले यो उसमा यो पनि प्राविधिक मिस्टेक होला खेलकुदका कुराहरुमा भिमाद रंगशाला भनिएको छ र शुक्लागण्डकी नगरपालिका तनहुँ लेखिएको छ त्यसकारण यो भिमाद रंगशाला भिमाद नगरपालिका र शुक्लागण्डकी रंगशाला शुक्लागण्डकी नगरपालिका भनेर दुईटैलाई उल्लेख गर्नपर्छ भन्ने ( माननीय सभामुख - माननीय सदस्य समय सकियो ) मलाई लाग्छ । यही कुराहरु राख्दै म बिदा हुन्छु धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको लागि यो छलफल यहिँ समाप्त हुन्छ । माननीय सदस्यहरु, अब यो बैठक मिति २०७६ साल असार १६ गते ११।०० बजे सम्मको लागि स्थगित हुन्छ ।

**समाप्त**